"ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका"
गाउँ टोल, घर घरमा स्थानीय सरकार

## भिमसेनथापा गाउँपालिकाका अध्यक्ष श्री लोक प्रसाद बंजाराज्यूले
# सोह्रौं गाउँसभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

भिमसेनथापा गाउँपालिकाको गरिमामय गाउँसभाको सोह्रौ अधिवेशनमा उपस्थित हुनुभएका यस गाउँपालिकाका उपाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरू, गाउँसभाका सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृतज्यू, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मी एवं पत्रकार मित्रहरू तथा यस ऐतिहासिक सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत एवं न्यानो अभिवादन !

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रियता र समावेशीता, समानुपातिक, धर्म निरपेक्षता, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्राप्तिका लागि भएका विभिन्न आन्दोलनहरू-महान जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका संघर्षमा अमूल्य जीवन उत्सर्ग गर्नु भएका सम्पूर्ण ज्ञातअज्ञात महान् शहीदहरूप्रति यो सभाबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यसैगरी घाइते योद्धाहरूको शिघ्र स्वास्थ्य लाभको कामना सहित वेपत्ता योद्धाहरुको स्मरण गर्दै सहिद परिवार र वेपत्ता परिवारमा स-प्रेम उच्च सम्मान व्यक्त गर्दछु ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु !**

आज हामी संघीयताको अभ्यास गर्दै गाउँपालिकाको सोह्रौ गाउँसभामा सहभागी भइरहेका छौं । संघीय लोकतान्त्रिक शासन प्रणालीको उपयोग गर्दै अहिले भिमसेनथापा गाउँपालिकामा गाउँ-टोल घर-घरमा सेवा पुऱ्याउदै बास्तविक स्थानीय सरकारको अनभूति दिलाउने गरि सेवा दिन तल्लिन छौ । संघीयताले अहिले जातजाति, भाषा,धर्म, वर्ग, लिङ्ग र भूगोलका आधारमा सबैको प्रतिनिधित्व सुनिश्चित भई लोकतन्त्रको वास्तविक अभ्यास भइरहेकै छ । फरकफरक राजनैतिक विचार, आस्था र दृष्टिकोण भएका हामी लोकतान्त्रिक अभ्यासबाट निर्वाचित सबैले मिलेर सामूहिक रूपमा भीमसेन थापा गाउँपालिकाको सुशासन सहित आर्थिक, सामाजिक विकाससंगै समग्र विकास र समृद्धिको दिशामा हातेमालो गर्दै अघि बढ्न पाएका छौं, जुन गौरवको कुरा हो ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारको सोह्रौ योजना, दिगो विकासका लक्ष्य, प्रदेश सरकारका नीतिगत मार्गदर्शन र भिमसेनथापा गाउँपालिकाको आवधिक योजना तथा जनताका आवश्यकता र सुझावहरूलाई समेटेर आगामी आर्थिक वर्ष २०८२-०८३ का लागि व्यावहारिक, समावेशी र दिगो नीति तथा कार्यक्रम निर्माण गरिएको छ। स्रोतसाधनको सीमितताका

बीच पनि जनताको अपेक्षा, अधिकार र आवश्यकतालाई केन्द्रमा राखेर आ.व. २०८२-०८३ को नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

पूर्वमा बुढीगण्डकी, पश्चिममा दरौदी नदी, उत्तरमा मोतिखोला र दक्षिणमा ज्यादुल खोलाले सिमाना कोरिएको ऐतिहासिक भिमसेनथापा गाउँपालिका नेपालका प्रथम प्रधानमन्त्री भिमसेन थापाको नाममा पुर्नसंरचना गरिएको गाउँपालिका हो । उनै भिमसेनथापाले देखाउनु भएको बहादुरी, देशभक्ति र औपनिवेशिकता बिरुद्धको लडाइँ हामी भिमसेन थापाबासीहरुका लागि गौरव र प्रेरणाको स्रोत रहेको कुरा पनि अवगत गराउन चाहान्छु ।

**गाउँसभाका सदस्यज्यूहरु !**

भिमसेन थापा गाउँपालिका वडा नम्बर १ मसेलमा ब्राम्हण, क्षेत्री, बराम, नेवार र दलित, वडा नम्बर २ सिद्धकाली अमरवस्तीमा ब्राम्हण, क्षेत्री र दलित, वडा नम्बर ३ तान्द्राङ्गमा ब्राम्हण, क्षेत्री, दलित, बराम र भुजेल, वडा नंम्बर ४ धावामा ब्राम्हण, क्षेत्री, दलित, नेवार र तामाङ्ग, वडा नम्बर ५ बगुवामा नेवार, ब्राम्हण क्षेत्री, दलित र बराम, वडा नम्बर ६ अश्राङ्गमा मगर, बाम्हण, क्षेत्री, नेवार, दलित र मुस्लिम, बडा नम्बर ७ र ८ वोर्लाङ्गमा दलित, नेवार, ब्राह्मण, क्षेत्री, दराई र कुमाल समुदायको बसोबास रहेको छ । यो गाउँपालिकामा विभिन्न जात–जाती, भाषा र संस्कृतिका समुदायहरूको शान्तिपूर्ण सहअस्तित्व, सद्भभाव र सहिष्णुता कायम रहेको छ । जसले समावेशी शासन प्रणालीलाई जीवन्त बनाएको छ ।

यस गाउँपालिकामा वडा नंम्बर १, २, र ३ लाई पूव पश्चिम मध्यपहाडी लोकमार्गले जोडेको छ। जसले भविस्यमा थुप्रै विकासका सम्भावनाको ढोका खोलेको छ । गाउँपालिकाको वडा नम्बर ३, ४, ७ र ८ लाई नेपालकै राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको बुढीगण्डकी जलविद्युत् आयोजनाले छोएको छ । आयोजना सम्पन्न भएपछि कृत्रिम ताल, रिङरोड, पर्यटन र पूर्वाधारको विकासले भिमसेनथापाको आर्थिक मुहार नै परिवर्तन गर्नेछ।यद्यपी छिटो आयोजना निर्माणका लागि गाउँपालिकाको तर्फबाट संघीय सरकारलाई निरन्तर दवाब र खबरदारी दिनु आवश्यक छ ।

गाउँपालिकाको वडा नम्बर ५ मा निर्माणाधीन एकीकृत मिलन बस्ती, वडा नंम्बर ६ को अश्राङ र वडा नं १ मसेल तथा वडा नं ५ बगुवा गोरखा नगरपालिकासँगको सीधा सम्बन्धले विकासको गतिमा तीव्रता ल्याउन सकिन्छ । पालिकाका सवै वडालाई जोड्न तिव्रगतिमा भीमसेन थापा चक्रपथ निर्माण, टोलटोलदेखि वडासम्म जोड्न लिङ्क रोड, सवैजसो टोलमा कच्ची मोटरबाटो, विजुलीको सुविधा, एक घर एक धारा खानेपानी पुग्ने अवस्थामा हामी पुग्नुले गाउँपालिकोको विकास र समृद्धीको बाटोमा हिडिरहेका छौ भन्ने पुष्टी गर्छ । अब हामी अझै सुशासन सहितको दिगो र गुणस्तरीय विकासमा ध्यान दिनुपर्ने आवश्यकता छ ।

रोजगारी सिर्जनाका लागि नवउद्यमशीलता प्रर्वद्धन र नवप्रवर्तनका कार्यक्रमहरू सञ्चालनका लागि कृषि, पर्यटन, साना उद्योग, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, सीप विकास र सामाजिक सुरक्षा तिव्रताका साथ अघि बढाउने भिमसेन थापा गाउँपालिकाको प्राथमिकता हो । **"स्वास्थ्य, स्वास्थ्यकर उत्पादन, सीप, उच्च संस्कार युक्त शिक्षा र रोजगार-त्यसका लागि पूर्वाधार"** नाराका साथ गाउँपालिका सरकार गाउँ-टोल घर-घरमा स्थानीय सरकारको अनुभूति दिलाउन चाहान्छ । **जनताको जीवनशैलीमा गुणात्मक परिवर्तन ल्याउन, स्थानीय स्रोतसाधन कच्चापदार्थको अधिकतम् उपयोग, पारदर्शी, छिटोछरितो, जनउत्तरदायी र प्रभावकारी सेवा प्रणाली विकास हाम्रो प्रमुख लक्ष्य हो।**

**सामाजिक न्याय, समावेशी विकास, आर्थिक समृद्धि र उत्तरदायित्वसहितको स्थानीय सरकार** सञ्चालनको अभ्यास गर्दै गाउँपालिकाका भित्रका ४२ जना सहिद तथा वेपत्ताको उच्च वलिदान र सम्मानको प्रतिबद्धता साथ भिमसेन थापागाउँपालिकालाई ग्रेट (गौरव गर्न लायक), स्मार्ट (छिटोछरितो र सुन्दर) समृद्ध (विकसित अभाव र तनावरहित) हरियाली, स्वच्छ र सु– संस्कृत समाजवाद उन्मुख समाजवादको नमुना योग्य आधारशिला बनाउन सकिने प्रचुर सम्भावना छन् ।

**व्यवस्था परिवर्तन भएर पनि अवस्था परिवर्तन हुन नसकिरहेको परिप्रेक्ष्यमा स्थानीय आर्थिक विकासको अवधारणालाई अवलम्बन गरी विकास र समृद्धिको निम्ति स्थानीय साधनस्रोत, जनशक्ति, भूमि, पूँजी, यन्त्र, औजार, प्रविधि, बजारको विश्लेषण, विकास र व्यवस्थापनमा क्रान्तिकारी सोच र नेतृत्व आजको आवश्यकता हो । वर्गसंघर्षमा यस गाउँपालिका र तपाईं हामीले प्रदर्शन गरेको श्रेष्ठता समाजवादको आधार तयार पार्न र भिमसेनथापा गाउँपालिकालाई साच्चै ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, सु– संस्कृत समाजवाद उन्मुख नमुना गाउँपालिका बनाउन स्थानीय सरकारका सबै तहका हामी प्रतिनिधिहरू एकताबद्ध भएर अघि बढ्नुपर्छ ।**

स्थानीय सरकार र जनप्रतिनिधिहरु गाउँ टोल, घर– घरसम्म परिचालित भयौं भने आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेटिएका योजनाबाट भिमसेनथापा गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक मात्र नभएर हामीले चाहेको र गाउँपालिकाबासी आमनागरिकहरुले खोजेको रूपान्तरणको उद्देश्य बल्ल पूरा हुनेछ ।

संघीय लोकतान्त्रीक गणतन्त्रको मूल मर्मअनुसार विकेन्द्रीकरण, समावेशी विकास, सामाजिक न्याय र आर्थिक समृद्धिको लक्ष्यसहित भीमसेनथापा गाउँपालिकाले विविध क्षेत्रको विकासमा ध्यान दिँदै आगामी आर्थिक वर्षका लागि यथार्थपरक र कार्यान्वयनयोग्य नीति तथा कार्यक्रम निर्माण गरिएको छ। यस नीति तथा कार्यक्रमले संविधानद्वारा प्रत्याभूत मौलिक हक तथा सेवा प्रवाहमा समान पहुँच सुनिश्चित गर्दै जनताको सहभागिता र उत्तरदायित्वलाई केन्द्रमा राखेर तयार पारिएको व्यहोरा अवगत गराउन चाहान्छु ।

आजको गाउँसभा सिंगो भिमसेन थापा गाउँपालिकाको भाग्य र भविष्य निर्माणमा केन्द्रित, जनसरोकारमा आधारित, व्यवहारिक कार्यदिशा तय गर्ने ऐतिहासिक अवसर हो।हामी सबैले यो अवसरलाई जिम्मेवारीपूर्वक उपयोग गर्नेछौं भन्ने विश्वास व्यक्त गर्दै यो १६ औं गाउँसभामा आर्थिक बर्ष २०८२-०८३ को नीति तथा कार्यक्रमह बिषयगतरुपमा प्रस्तुत गर्न चाहन्छु ।

**गाउँसभाका सदस्यज्यूहरु !**

अव म गाउँपालिकाको आ.व २०८२-०८३ को **आर्थिक विकास समिति मातहत आर्थिक विकास सम्बन्धी नीति** प्रस्तुत गर्दछु ।

कृषि सम्बन्धी नीतिः

- किसानको हकहित, संरक्षण र सम्वर्द्धन गर्दै कृषि क्षेत्रलाई थप उत्पादनमुखी र रोजगार मुलक बनाई नागरिकको जीवनस्तर उकास्न कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरणमा जोड दिइनेछ। **कृषि उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउदै लैजान प्रत्येक वडालाई एक वडा एक उत्पादन पकेट क्षेत्रको रुपमा विकास गरि एक घर एक व्यवसाय, एक टोल एक उत्पादन पकेटमा विकास र विस्तार गरिनेछ।**
- कृषि उत्पादन वृद्धि गर्नका लागि माटो परिक्षण, उपचार विधि, किटबक्स तथा मोबाईल घुम्ति शिविरबाट माटो परिक्षणको व्यवस्था मिलाईनेछ ।
- घरेलु मदिरा (जाँड, रक्सी, वाइन) भागा लगायत उच्च मूल्य वाली उत्पादनलाई कार्यविधि बनाई कानुनी दायरा भित्र ल्याएर लेवलिङ, ब्राण्डिङ र बजारीकरण गर्ने व्यवस्था मिलाइनेछ।साथै घरेलु मदिरा उत्पादनका लागि आवश्यक कोदो खेतीलाई प्रोत्साहन गर्ने गरी उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिनेछ।
- भिमसेनथापा गाउँपालिका भित्र विषादी प्रयोगमा न्यूनिकरण गरी वातावरण अनुकुलनमा टेवा पुर्याई प्राङ्गारिक खेतीलाई प्रोत्साहन दिईनेछ ।
- सामुहिक खेती प्रणालीमा जोड दिदै परम्परागत खेती प्रणालीलाई व्यवसायिक बनाउन टोल विकास संस्था केन्द्रित कृषि प्रविधिमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- भौगोलिक हावापानी र माटो सुहाँउदो तरकारी बाली, फलफूल, खाद्यान्न, नगदे, बाली प्रर्बद्धन कार्यक्रममा विशेष प्राथमिकता दिईनेछ ।अनुदानमा बीउबिजन, मल तथा कृषिको उत्पादनमा लागत न्यूनीकरण गर्न यान्त्रिकरण एवं साना सिचांइ कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

- **किसान परिचयपत्र अनिवार्य गरी अनुदान प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाइनेछ । "कृषकको बारीमै, कृषि प्राविधिक"** मूल नाराका साथ कृषकहरुको समस्या समाधान, औषधी उपचारमा सहयोग पुऱ्याउन कृषि प्राविधिकलाई वडा कार्यालय मार्फत टोल विकास संस्थासँग समन्वय गरी घर घरमा पठाउने नीति लिइनेछ ।
- गाईभैंसीपालन, बाख्रापालन, कुखुरापालन, माछापालनलगायतलाई लक्षित गरी अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । **"एक घर, एक मौरी घार कार्यक्रम"** लाई निरन्तरता दिदै व्यवसायिक मह उत्पादन गर्न मौरी प्रवद्धन कार्यक्रम संचालन गरी महमा पालिकालाई आत्मनिर्भर बनाइनेछ ।
- सहकारी, कृषि समूह र निजी क्षेत्रसँग सहकार्य गरि कृषि उपजको स्थानीयदेखि राष्ट्रिय बजारसम्म पहुँच बृद्धि गरि बजारीकरणमा जोड दिइनेछ । कृषि उपज संकलन केन्द्र, हाटवजार, कृषि भण्डारण र शीत भण्डारण **(Cold Store)** निर्माण र संचालन गरिनेछ।
- उत्पादनलाई बजारीकरणका लागि अनलाइन बजार प्रणालीको विकास र प्रयोग एवं **एक वडा, एक उत्पादन– एक बजार** कार्यक्रम सञ्चालन गरि **एक टोल एक उत्पादन पकेट, संकलन केन्द्र, पोषण कर्नर, प्रशोधन उधोग स्थापना गर्न टोल विकास संस्थाहरुलाइ सक्रिय** गराइनेछ ।
- कृषि सडक, सिँचाइ कुलो, पोखरी निर्माणमा आवश्यक लगानीको नीति लिइनेछ।कृषक, युवा उद्यमका लागि विशेष कार्यक्रम ल्याई सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ।कषि बीमा कार्यक्रमको प्रर्वद्धन गर्दै कृषि क्षेत्रमा हुने जोखिम न्यूनीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ।
- कृषि उत्पादनको गुणस्तर र उत्पादकत्वमा वृद्धि गर्न मौसमि र बेमौसमि अनुसारका तरकारी, र खाद्यान्नबालि लगायत बालिहरुको गुणस्तरीय विउ र प्रमाणिकरण भएका विउ विजन वितरण गरिने छ ।
- विपद् व्यवस्थापन, आकस्मिक हुने क्षति, प्रकोप, रोग, किरा नियन्त्रण गर्न आई.पि.एम पाठशालाको व्यवस्था तथा स्वस्थ्य वालि विरुवा उत्पादन गर्न नर्सरीको व्यवस्थापन गरि सन्चालन गरिनेछ ।
- कृषि प्रसारलाई थप प्रभावकारी बनाउन कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, व्यवसायिक कृषकहरुलाई उत्पादनमा आधारित अनुदानमा प्रोत्साहन तथा पुनर्ताजकी कार्यक्रम लागु गरिनेछ ।
- कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई प्राथमिकता दिइनेछ।साथै अनुदान लिएर व्यवसाय नगर्नेलाई कारवाहीको नीति अवलम्बन गरिनेछ ।

- यस गाउँपालिकालाई आगमी ४ वर्षमा फलफूल, तरकारी र खाद्यान्नमा आत्मनिर्भर बनाउन कार्यक्रम संचालन गरिनेछ।
- **बेरोजगार तथा विदेशबाट फर्केका युवायुवतीहरुमा रहेको ज्ञान, सिप र अनुभवलाई उपयोग गरी स्वरोजार तथा व्यवसायिक उद्यमी बनाउन बैकंहरुसँग समन्वय गरी उद्यमशील हुने वातावरण निर्माणलाई निरन्तरता दिइनेछ।**
- सुन्तलाजात र कफि खेतीको लागि सम्भावना बोकेका गाउँपालिका भित्रका जमिनमा आफ्नै नर्सरी स्थापना गरी व्यवसायिक खेती सुरु गरिनेछ ।
- कृषकहरुलाई उच्च गुणस्तरको वीउ बेर्ना उत्पादन गराउन पालिका स्तरीय नर्सरी स्थापना गरिनेछ।
- बाली बीमा कार्यक्रमलाई प्राथमिकता दिई पूर्ण बाली बीमा गाउँपालिका तर्फ उन्मुख गर्न पहल गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत हाल सञ्चालनमा रहेको पकेट कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै एक वडा एक उत्पादन पकेट कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।
- गाउँपालिका भित्र रहेका सवै कृषि तथ्याङ्क संकलन तथा किसान सूचिकरण कार्यलाई पूर्णता दिई कृषि एपको पूण कार्यान्वयन गरिनेछ ।
- पालिका भित्र कृषि उत्पादनलाई बजारसम्म पुर्याउन कृषि संकलन केन्द्र निर्माण गर्ने साथै गाउँपालिकामा कृषि एम्बुलेन्स खरिद गरी आ.व २०८२-८३ देखि सेवा सञ्चालन गरिनेछ ।
- पालिका भित्र कृषि हाट बजार सञ्चालन र व्यवस्थापन गर्न सञ्चालक समिति र निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- बाँझो जग्गा जमिनमा खेती गर्ने कृषकलाई प्रदेश सरकारसँग समन्वय गरी अनुदान प्रोत्साहन, खाली जमिनलाई पूर्ण उपयोग गर्ने गरी कार्यक्रम अघि बढाइनेछ । जग्गा बाँझो राख्न नपाइने नीति अवलम्बन गरिनेछ ।उपयोगमा नआएका जग्गा जमिनलाई भूमिबैंक मार्फत चाक्लाबन्दी, पकेट क्षेत्र, क्लष्टर बनाई कृषिको लागि पुनर्प्रयोग गर्न अभिप्रेरित गरिनेछ ।
- सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारा, नदी उकास र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई **PPE** मोडेलमा अभियानको रुपमा सञ्चालन गरिनेछ

- फलफुल तथा तरकारी भण्डारका लागी चिस्यान केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ। दुध संकलन तथा भण्डारणका लागी चिलिङग केन्द्र यथोचित व्यवस्थाका लागी निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय प्रजातिका धान मकै, कोदो, कोसेवाली, तेलहन, दलहन, लगायतका बालीहरुको संरक्षणको लागि जीन बैंकसँग आवश्यक सहकार्य गरिने छ ।
- कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिने छ ।
- साना खालका चिलिङ मेशिनहरु अनुदानमा वितरण गर्ने नीति अवलम्वन गरिने छ गोलभेडा तथा फलफूल एवं अन्य कृषिजन्य वस्तुहरुको प्रशोधनको लागि प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनको लागि आवश्यक पहल गरिने छ ।
- बाँदरबाट कृषकलाई परेको समस्या समाधानका लागि संघीय र प्रदेश सरकारसँग साझेदारी गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- महिलामैत्री कृषि उपकरणहरु प्रयोगमा ल्याई महिलाहरुलाई कृषि मार्फत आर्थिक सशक्तिकरणमा लगिने छ।एकल महिला/पुरुष तथा महिला घरमुली भएका एवं विपन्न परिवारलाई विशेष प्राथमिकतामा राखिने छ ।
- किसानहरूको लागि तत्कालको लागि मात्र नभएर आफ्नै उत्पादन मार्फत संस्थागत गर्दै पेन्सनको रूपमा उपयोग गर्ने गरी हरेक टोल विकास संस्थाहरुमा **किसान पेन्सन बचत योजना संचालन गरिनेछ** । दैनिक न्यूनतम १०० अनिवार्य कमाउने र मासिक ५०० बचत गर्ने विशेष योजना कार्यान्वयन गरि त्यसको व्याज र लगानीबाट प्राप्त प्रतिफललाई किसान पेन्सनको रुपमा कार्यान्वयन गरिने छ ।
- सवै टोल विकास संस्थामा किसान सहकार्य समूह गठन गरिनेछ। ती समूहहरू पालिकामा दर्ता गर्ने, समूहको स्थायी लेखा नम्बर लिने, सहुलियतपूर्ण ऋण लिनका लागि आवश्यक सहजीकरण गरिनेछ ।
- उत्पादनको आयोजना, पशुपालन (दुग्ध तथा मासु), मसलाबाली, फलफूल खेती, जडीबुटी, बिउबिजन, अन्य उच्च मूल्यका बाली लगाउने नीति लिईनेछ । त्यसमा आधारित उद्योगहरू संचालन गर्न प्राविधिकहरू समेतको सल्लाहमा योजना बनाइनेछ । यसको लागि आफूसँग भएको जमिन उपयोग गर्न सकिने, वन जंगल, श्रमशक्ति, आफूसँग भएको पुँजीको सदुपयोग गर्ने गरी तयारी गरिनेछ ।

- उत्पादनमा गरिने कामको विवरणका साथै सबै रेकर्डहरू सुरू देखि नै राख्ने, लेखा प्रणाली व्यवस्थित गर्ने, आपसी सहयोग, आदान प्रदान गरिनेछ। साथै स्थानीय सरकार तथा विज्ञहरूले उत्पादन कार्यका लागि सहकार्य समूहहरूको परिचालन तथा अनुगमन गर्ने व्यवस्था गरिनेछ ।
- कृषक, समुह, फर्म, तथा सहकारीको समसामयिक विषयमा अन्तरकृया, छलफल, तथा गोष्ठी गरी समाधानको बाटो अपनाइने छ । साथै कृषिसंग सम्बन्धित विश्वविद्यालय एवं शिक्षण संस्थाहरुसंग समझदारी गरी कृषि क्षेत्रलाई टेवा पुग्ने कार्यक्रम आयोजना गरिने व्यवस्था मिलाईनेछ ।
- व्यवसायिक च्याउ उत्पादन प्रशोधन तथा बजारीकरण मार्फत कृषकको आयस्तरमा बृद्धि गर्न च्याउ खेति प्रर्वद्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाका जनसंख्यालाई खाद्यान्न, तरकारी, तथा अन्य बाली उत्पादन गरि खाद्य अधिकारको सुनिश्चितता गरिनेछ ।

<u>पशु विकास नीतिः</u>

- पशुसेवा शाखा कार्यालय व्यवस्थापन तथा संचालनका लागी आवश्यक पशुवस्तु औषधी, उपकरण, फर्निचर लगायत एक भेटरिनरी चिकित्सक सहितको प्राविधिक जनशक्तिको प्रभावकारी व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।
- समुहगत वा एकल पशुपालन गर्ने **उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गरिनुका साथै प्रोत्साहनका लागि सरल कर्जा योजना** कार्यान्वयनमा ल्याइने छ ।
- पशु जन्य उत्पादनलाई प्रोत्साहन गर्न **उत्पादनमा आधारित अनुदान योजना** कार्यान्वयनमा ल्याइने छ ।
- पशुहरुमा लाग्ने विभिन्न माहामारी जन्य रोगको नियन्त्रण र रोकथामको लागि आवस्यक व्यवस्था मिलाइनेछ । पशु बिमा कार्यक्रम तथा **पशुको पूर्ण खोप अभियानलाई निरन्तरता दिईने** छ ।
- **बाख्रा तथा भैसीको पकेट क्षेत्र निर्माण गरी आवश्यक माउ, प्रविधि र व्याडको व्यवस्था गरिनेछ ।**
- निर्वाहमुखी कृषि प्रणाली लाई ब्यवसायिक बनाउनका लागि कृषकहरुको क्षमता अभिबृद्धि तालिमको व्यवस्था गरिनेछ ।
- **गाउँपालिकामा मध्यपहाडी लोकमार्ग दुग्ध करिडोरको रुपमा र सिंगै पालिकालाई वाख्रा पकेटको रुपमा विकास** गर्न पहल गरिनेछ ।
- गाउँपालिकामा रहेको हाटबजारमा पशुहरुको खरिद बिक्रि सहजिकरण गर्नको लागि आवस्यक नमुना गोठ तथा संकलन केन्द्र स्थापना गर्ने व्यवस्था गरिनेछ ।

- पालिका स्तरीय नमुना मासु तथा दुध प्रसोधन एवं एक वडा एक पोषणकेन्द्रको विकास गरि सम्पूर्ण गाउँ पालिकाबासीलाई स्वच्छ, सफा, पोषणयुक्त पशुजन्य पदार्थ हरु सुपथ मुल्यमा उपलब्ध गर्नका लागि **मासु प्रसोधन केन्द्र, मासु पसल र डेरीको स्थापना** गरिनेछ ।
- बर्षभरी हरियो घाँसको उपलब्धता सुनिस्चित गर्न हरियो घाँसको बिउ, बेर्ना उपलब्ध गराउने व्यवस्था गरिनेछ । साथै सोको उत्पादनको लागि **स्थानीय उन्नत घाँस विकास स्रोत केन्द्रलाई व्यवस्थित** गरिनेछ ।
- दुग्ध तथा मासु उत्पादन वृद्धिका लागि **पशु वस्तुमा नश्ल सुधार कार्यक्रम**लाई अघि बढाइने छ । साथै **गाउँपालिकालाई मासु र दुधमा आत्मनिर्भर** बनाउन पहल गरिनेछ।
- पशु सेवा शाखा मार्फत पशुका लागि आवश्यक औषधी, उपकरण, भेटरिनरी चिकित्सकीय सेवा सहितको प्राविधिक जनशक्ति मार्फत **पशु घुम्ती शिविर** तथा कृषकहरुको घरगोठमै पुगेर पशुवस्तुको उपचार सेवाको लागि **एक वडा एक पशु प्राविधिकको व्यवस्था**लाई निरन्तरता दिइनेछ।
- रेबिज रोग मुक्त पालिका बनाउनको लागि रेबिज रोग बिरुद्धको खोपको व्यवस्था गर्नुको साथै सामुदायिक छाडा कुकुरहरुको बन्ध्याकरण कार्यक्रम संचालन गरी छाडा कुकुर मुक्त पालिका बनाउन आवश्यक पहल गरिने छ ।
- बादर नियन्त्रणको लागि आवस्यक पहल एवं समन्वय सहजीकरण गरिनेछ ।
- **बिपन्न र सामुदायिक रुपमा पिछडिएका घरपरिवारहरुलाई ब्यबसायिक पशु पालन प्रति आकर्षित गरि आर्थिक आय आर्जन गर्ने व्यवस्था गरिनेछ ।**

<u>संस्कृति तथा पर्यटन नीतिः</u>

- गाउँपालिका भित्रका सम्भाव्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी त्यसको **वृहत्तर एवं एकीकृत विकासको वृत्तचित्र तयार गरिने छ ।**
- गाउँमा होमस्टे प्रवर्द्धन गरि युवालाई सामुदायिक पर्यटनमा आकर्षित गरि आर्थिक विकास र मौलिक संस्कृति संरक्षणमा जोड दिइनेछ।
- संस्कृतिको प्रर्वद्धनका लागि जातीय, परम्परागत पर्वको संरक्षण कार्यक्रम लागू गरिनेछ ।
- ऐतिहासिक धार्मिक एवं सास्कृतिक र पर्यटकीय महत्व रहेको दुल्लभ पार्क, भिमसेनथापा स्मार्क पार्क, भिमसेनथापा संग्राहलय र जनयुद्ध संग्राहलय, सहीद स्मृती पार्क, मसेल ठुलो पोखरी, सतिडाँडा, कोटकाली,चार धार्मिक धाम,मुडुलो थुम्को पार्क, अश्रागकोट, कनकामना, चुलीडांडा, काशीघांट

लगायतका क्षेत्रहरुको पर्यटकीय विकास गरी उक्त स्थानमा आन्तरीक पर्यटनका लागि उपयुक्त वातावरणको निर्माण गर्न आवश्यक पूर्वाधार विकास तथा प्रचार प्रसार गरिनेछ।

- गाउँपालिका भित्रका सवै वडा, विषयगत शाखा र समितिहरुले गरेका असल अभ्यास समेटी सम्भाव्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी त्यसको **वृहत्तर एवं एकीकृत सेवा प्रवाह र विकासको वृत्तचित्र भिमसेनथापाको सेरोफेरो** तयार गरिने छ ।
- मनासलु पदमार्गमा जाने पदयात्रीलाई कम्तिमा एक दिन भिमसेनथापा गाउँपालिकामा बास बस्ने गरि पर्यटकीय पूर्वाधारको विकास एवं विस्तार र पर्यटन व्यवसायीहरुसँग समन्वय गरिनेछ ।
- पर्यटन क्षेत्रको विकास गर्न पर्यटन क्षेत्रमा आवद्ध पालिकाबासीको एक विज्ञ समूह गठन गरी पर्यटन विकास र प्रर्वदनका लागि आवश्यक पहल गरिनेछ ।
- **एक वडा एक पर्यटकीय स्थल र अन्तर वडा पर्यटकीय सञ्जालको विकास** गरिने छ ।

<u>भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी नीतिः</u>

- अतिक्रमणमा परेको सार्वजनिक, सरकारी, सामुदायिक जमिनको खोजी गरी त्यसको रेखदेख संरक्षण र व्यवस्थापनमा जोड दिइनेछ। जग्गा बर्गिकरणमार्फत छुट्याइएका खेतीयोग्य, आवासीय, वन क्षेत्र, व्यावसायिक, विपद् संवेदनशील क्षेत्रलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।
- कृषि योग्य जमिनमा प्लटिङ गरी आवास निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- बाढी पहिरोको जोखिमयुक्त एवं प्रभावित क्षेत्रमा रहेका बस्तीहरूलाई सुरक्षित बनाउन आवश्यक पहल गरिनेछ ।
- भू– उपयोग योजना कार्यान्वयन गर्न भूमि व्यवस्थापन कार्यदल गठन गरिनेछ ।
- सहकारी क्षेत्रमा राष्ट्रियस्तरमा देखिएका समस्या भिमसेन थापा गाउँपालिका भित्रका सहकारीमा आउन नदिनका लागि आवश्यक नीति बनाइ लागू गरिनेछ ।
- सहकारी संस्थाको सुरक्षाका लागि गाउँपालिकाबाट नै आवश्यक सुरक्षा नीति बनाइ पालिका भित्रका सवै सहकारीमा लागू गर्ने व्यवस्था मिलाइनेछ ।
- पालिका भित्रका **सवै सहकारीहरुलाई अनिर्वाय उत्पादनमा जोड्ने नीति कार्यान्वयन गरिनेछ** । गाउँस्थित सहकारी संस्थाहरुको अनुमति, नियमन, विस्तार, प्रशिक्षण तथा सघन अनुगमन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

- सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन, सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरिने छ । **प्रत्येक वडामा एउटा कृषि, बहुउद्देश्यिय श्रम सहकारीको स्थापना र संचालन गर्ने नीति** अवलम्बन गरिनेछ ।
- विभिन्न खालका सहकारी शिक्षा, सहकारी व्यवसाय प्रवर्द्धन जस्ता सहकारी सम्वन्धी आवश्यक तालिम सञ्चालन गरिनेछ ।
- सहकारी संस्थाहरुलाई **COPOMIS SOFTWARE** प्रणालीलाई प्रभावकारी प्रयोगमा लगिनेछ । **उत्कृष्ट सकाहरीलाई पुरस्कृत** गर्दै सहकारीहरुलाई मर्जरमा जान प्रोत्साहन गरिनेछ।

**<u>श्रम, रोजगार तथा गरिबी निवारण निति:</u>**

- भिमसेन थापा गाउँपालिकाको आर्थिक नीतिको नारा **"स्थानीय उत्पादन वृद्धि गरौ, स्थानिय उत्पादन नै उपभोग गरी रोजगारी र समृद्धिको आधार तयार गरौ"** रहनेछ। यस नीति अन्तर्गत आर्थिक आत्मनिर्भरता, स्रोत साधनको वैज्ञानिक परिचालन, नवप्रवर्तनशील उद्यमशीलता प्रवर्द्धन, डिजिटल अर्थतन्त्रको सुरुआत तथा समावेशी र दिगो आर्थिक वृद्धि सुनिश्चित गरिनेछ ।
- वैदेशिक रोजगारी तथा आप्रवासन सम्बन्धी डाटा व्यवस्थापन प्रणाली तयार गर्न पहल गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी श्रम बैंकलाई व्यवस्थित गरिनेछ । त्यस्ता जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।
- बेरोजगार युवालाई उत्पादनशील रोजगारीमा जोड्ने नीति लिइनेछ ।
- आयआर्जनमा आधारित कार्यक्रमहरूबाट विपन्न, महिला, दलित र सीमान्तकृत समुदायको समावेशी उत्थानमा जोड दिइनेछ ।
- स्थानीय उत्पादनमा आधारित लघु उद्यम विकास नीति अवलम्बन गरिनेछ ।
- स्थानीय स्रोत साधन एवं श्रम र सीपको उपयोग गर्दै सबै सामुदायिक सिकाई केन्द्रलाई सामुदायिक सशक्तिकरण र सीप विकास केन्द्रको रुपमा विकास गर्न पहल गरिनेछ ।
- स्थानीय आवश्यकता र स्थानीय श्रम बजारको माग अनुसारको रोजगारमूलक सीप विकास तालिम अनौपचारिक क्षेत्रका अनुभवयुक्त तर प्रमाणपत्र नभएका श्रमिकहरुको सीपको औपचारिक मान्यता प्रदान गर्ने किसिमको कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय रोजगार प्रर्वद्धनका लागि निजी क्षेत्रसँग सहकार्य गरी रोजगार मेला, तालिम सञ्चालन गरिनेछ।

<u>उद्योग, बाणीज्य तथा व्यापार नीति:</u>

- **"एक वडा एक उद्योग"** अभियान अन्तर्गत वडागत विशिष्ट व्यवसाय चिनारी र प्रर्वद्धनको नीतिलाई अगाडी बढाइनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिईने छ । लघु तथा घरेलु उद्यम प्रर्वद्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुको वजारीकरणको व्यवस्था गरिनेछ ।
- **स्थानीय सहकारी संस्था, निजी क्षेत्र, टोल विकास संस्था, शिक्षण संस्था र अन्य संघ– संस्थासँगको सहकार्यमा उद्यमशिलता प्रर्वद्धनमा जोड दिइनेछ ।**
- उद्योग व्यवसाय विकासका लागि आवश्यक नीति सुधार, बजेट विनियोजन र अनुगमन प्रणाली सुदृढ गरिनेछ ।
- कागजी प्रक्रिया सरल गरी उद्योग दर्ता तथा नविकरणलाई सहज बनाइनेछ।
- व्यवसाय दर्ता, नविकरण तथा अनुमति प्रक्रिया सरल र अनलाइनमै हुने व्यवस्था मिलाइनेछ ।
- औद्यागिक ग्राम निर्माणको कार्यलाई अघि बढाउन पहल गरिनेछ।
- कर प्रणाली पारदर्शी, सरल र प्रभावकारी बनाइ डिजिटल प्रणालीबाट कर संकलन प्रणाली लागू गरिनेछ र सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क तथा नविन राजस्व स्रोत पहिचान गरि कार्यान्वयनमा जोड दिइनेछ ।
- आन्तरिक आयलाई सवल बनाउन राजश्वमा सुधार गरी सहज, सरल र दायरा फराकिलो वनाई सर्वसुलभ बनाइने छ । आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वका/करका विभिन्न क्षेत्रहरुको अध्ययन गरिने छ । **उत्कृष्ट करदातालाई सम्मान** गरिने छ ।
- गाउँपालिका भित्रका सम्पुर्ण करयोग्य व्यवसायलाई करको दायरामा ल्याईने छ । सम्पत्ति करलाई अरु व्यवस्थित गरिनेछ । करप्रणालीलाई व्यवस्थित बनाउनका लागि आवश्यक ऐनकानुन निर्माण गरिनेछ ।
- बजार अनुगमनलाई नियमित र व्यवस्थीत गर्न टोल विकास संस्थाहरुलाइ सशक्तिकरण गर्दै व्यवसाय दर्ता र नविकरण कार्यलाई प्रभावकारी बनाउन जनसचेतना, अभिमुखीकरण, घुम्ती शिविर लगायतका कार्यक्रम टोल केन्द्रित हुने गरि वडा कार्यालयबाटै व्यवस्था मिलाईनेछ ।
- करको दायरालाई थप फराकिलो बनाइदैं लगिनेछ ।
- भिमसेनथापा गाउँपालिकाका ८ वटै वडामा उद्यमशिलता तथा सिप विकासको माध्यमबाट महिला तथा युवा युवतीहरुको आर्थिक सशक्तिकरणको कार्यक्रमलाई निरन्तरता दिइने छ।

**गाउँसभाका सदस्यज्यूहरु!**

**अव म गाउँपालिकाको आ.व २०८२-०८३ को सामाजिक विकास सम्बन्धी नीति प्रस्तुत गर्दछु ।**

**शिक्षा, युवा तथा खेलकुद नीतिः**

- शैक्षिक कार्यपात्रो र सिकाई सामग्री निर्माण एवम् प्रयोग सुनिश्चित गरिनेछ । शिक्षकहरुलाई सिकाईमा बिताउने समय र हासिल गरेको नतिजाको आधारमा प्रोत्साहन र नसियत गरिनेछ ।
- विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था, प्लाष्टिक तथा जंङक फुडको पूर्ण निषेधित क्षेत्र घोषणा, अपाङ्गता तथा बालमैत्री विद्यालय निर्माण तथा एक विद्यालय, एक बगैचा र करेसाबारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पालिकाभित्र मेघा विद्यालय सञ्चालन गर्न विद्यालय नक्साङ्कन, विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यक्रमलाई कायमै राखिएको छ ।
- बालविकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालयका लेखा हेर्ने कर्मचारीको थप सेवासुविधा लाई निरन्तरता दिईनेछ ।
- प्रधानाध्यापकहरुको नियमित बैठक गरि विद्यालयका गतिविधीहरु आदानप्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- भिमसेनथापा गाउँपालिकाको सेरोफेरो नामक (कक्षा १ देखि ८) सम्म पाठ्यपुस्तक निर्माण तथा छपाई गरि निःशुल्क वितरणको व्यवस्था मिलाइनुका साथै शिक्षकलाई प्रबोधिकरण तालिमको व्यवस्था गरिनेछ ।
- शिक्षामा गैरसरकारी संघसंस्थाहरुसँगको साझेदारी कार्यक्रमलाई थप प्रोत्साहित गरि बालविकास केन्द्र लगायत विद्यालयका सबै कक्षाहरुलाई नमुना सिकाई केन्द्रको रुपमा व्यवस्थापन गर्दै लगिनेछ ।
- सामुदायिक सिकाई केन्द्रहरुलाई थप सबलीकरण गरि टोल विकास संस्थाहरुको सशक्तिकरण, जनचेतना, संस्कृति संरक्षण, विकास निर्माण, सबै स्थानीय विकास र व्यवस्थापन साथै समुदाय परिचालनमा प्रयोग गर्न प्रेरित गरिनेछ ।
- अनौपचारिक विद्यालय शिक्षाको कार्यक्रम कार्यान्वयनलाई मजबुत बनाईनेछ ।
- अति टुहुरा र बिपन्न बालबालिकाहरुका लागि संरक्षणमूलक कार्यक्रमहरु ल्याइनेछ ।
- विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेसागत क्षमता विकासका लागि समयानुकूल तालिम, प्रशिक्षण तथा गोष्ठिहरुमा सहभागी गराइनेछ ।
- शिक्षा ऐन अन्तर्गत विभिन्न कार्यविधी निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।

- करार शिक्षक छनौटका लागि सम्बन्धित विद्यालयलाई आर्थिक दायित्व नपर्ने गरि गाउँपालिकामार्फत आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- शिक्षामा झिकाउ, सिकाउ, टिकाउ र बिकाउको नीति लिई सोहि अनुसार शैक्षिक कार्यक्रमहरुलाई व्यवस्थापन गर्दै लगिनेछ ।
- शिक्षा, युवा तथा खेलकुद शाखालाई थप व्यवस्थित बनाईनेछ ।सुत्केरी सट्टा शिक्षक व्यवस्था गरि विद्यालय पठनपाठनलाई व्यवस्थित गरिनेछ ।
- विद्यालयहरुलाई आवश्यक मात्रामा स्यानिटरी प्याड व्यवस्थापन गरिनेछ ।
- विद्यालयमा सञ्चालन हुने कार्यक्रमहरुलाई व्यवस्थित र योजनाबद्व बनाउन सरोकारवालाहरुलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- विद्यालयको क्षमता विकासका लागि तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्राविधिक धार सञ्चालित विद्यालयहरूलाइ थप सुदृढ गर्दै लगिनेछ ।
- **विद्यालयहरुमा अभिभावक-शिक्षा कार्यक्रम**लाई सुदृढ तुल्याइनेछ ।
- विद्यालयहरुमा अतिरिक्त कृयाकलाप सञ्चालनका कार्यक्रमहरुमा विशेष जोड दिईनेछ ।
- अन्तर्राष्ट्रिय शिक्षा दिवश सेप्टेम्बर ८ का दिन बिशेष कार्यक्रम आयोजना गरि **उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई पुरस्कृत** गरिनेछ ।
- पालिकास्तरीय अतिरिक्त कृयाकलापहरु सञ्चालन गरिनेछ । त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- मेगा विद्यालयको अवधारणालाई अवलम्बन गरि विद्यालयहरुलाई आवासिय बनाएर सहज यातायात व्यवस्थीत गरी मेघा विद्यालय निर्माण गर्न पहल गरिनेछ ।
- प्राविधिक तथा साधारण धारका विद्यालय र शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरुलाई गरिब तथा जेहेन्दार छात्रवृति कार्यक्रम ल्याई प्रोत्साहन गरिनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि एक शिक्षक एक डायरी कार्यक्रम ल्याइनेछ ।
- शिक्षक तथा विद्यालयका कर्मचारीहरुलाई परिचयपत्रको व्यवस्था गरिनेछ ।
- अन्तर विद्यालय, पालिका स्तरीय सहिदस्मृति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरी जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्डमा सहभागीता सुनिश्चता गरिनेछ।
- विद्यार्थीमा असल आचारण निर्माण, स्वस्थ जीवनशैली र सामाजिक भावना जागृतगर्न विद्यालय तथा पालिकामा स्काउट कार्यक्रम अझ सुदृढ गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षकहरुलाई विषयगत रुपमा सक्षम बनाउन क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम ल्याईनेछ।साथै शिक्षकका समस्या पहिचान तथा समस्या समाधानका लागि शिक्षक केन्द्रीत अध्ययन अनुसन्धानमा जोड दिदै आवश्यकता अनुसार सम्वन्धीत निकायसँग सहकार्य,समन्वय एवं साझेदारी गरिनेछ।

- विद्यालयहरुमा त्रैमासिक र वार्षिक परीक्षा व्यवस्थापन तथा सञ्चालन गर्न अनुदानको व्यवस्थालाई निरन्तरता दिईनेछ।
- विद्यालयमा कमसेकम एकथान डेस्कटप, कम्प्यूटर तथा प्रिन्टर, फोटोकपि मेसिन तथा स्मार्टबोर्डको व्यवस्था गरि डिजिटल प्रविधिको प्रयोग गरि CLEC स्थापना गर्न जोड दिईनेछ।
- विद्यालय लेखा प्रणालीलाई चुस्त र दुरुस्त बनाउन तालिमको व्यवस्था गरिनेछ ।
- **विद्यालयहरुमा योग, ध्यान, व्यायाम, खेलकुद र सङ्गीतका कार्यक्रमहरुलाई बढावा दिइनेछ ।**
- **शहिद स्मृति आविष्कार केन्द्रलाई थप सबलीकरण गरिनेछ ।**
- **विद्यालयहरुमा ई-हाजिरी प्रणालीलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।**
- विद्यालयहरुमा बहुउद्देशिय हल व्यवस्थापनमा जोड दिइनेछ ।
- **विद्यालयहरुमा जिवन उपयोगी सिप विकास तालिम** कार्यक्रमहरु मार्फत विद्यार्थीहरुको लेखाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्रत्येक ३/३ महिनामा अनुगमनको व्यवस्थालाई निरन्तरता दिइनेछ । असल अभ्यास आदान प्रदान र उच्च शिक्षण सिकाइ आदान प्रदान गर्नका लागि अन्तर विद्यालय अतिथि शिक्षक परिचालनको व्यवस्था लागू गरिनेछ ।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । आफ्नै करेसाबारी, स्थानीय स्वास्थ्यबर्द्धक पौष्टिक खाजा र खाना व्यवस्था गर्न विद्यालय र अभिभावकहरुलाई प्रोत्साहित गरिनेछ ।
- पालिका **अध्यक्षसँग प्रत्यक्ष विद्यार्थी संवाद** कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस कार्यक्रममार्फत विद्यालय उमेरका वालवालिकाहरुलाई असल मार्गमा लाग्न र स्थानीय सरकारका प्रतिनिधिसंग एकआपसमा परिचित गराई असल मार्गमा लाग्न प्रेरित गरिनेछ ।

<u>युवा तथा खेलकुद नीतिः</u>

- खेलकूद क्षेत्रको समुचित विकासका लागि खेलकुद विकास समितिलाई प्रभावकारी परिचालन गर्दै पूर्वाधारको निर्माण, प्रशिक्षण, प्रतियोगिता आदिको आयोजनामा जोड दिइनेछ।
- गाउँपालिकामा अवस्थित खेलकूद मैदानलाई सुविधा सम्पन्न बनाउने, खेल प्रतिष्ठान (**Sport Academy**) निर्माण गर्न संघीय र प्रदेश सरकारसँग पहल गरिनेछ। त्यस्तै प्रत्येक वडामा एक व्यवस्थित खेल मैदान स्थापना गर्दै लैजाने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- युवाहरुलाई कुलतमा फस्नबाट जोगाउन गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा जनचेतनामूलक कार्यक्रम तथा रेडियोबाट सूचनामूलक सन्देशहरु प्रसारण गरिनेछ ।
- युवाहरुमा सीप विकास गरी स्वरोजगारीको अवसर सृजनाका लागि बिभिन्न सिपमुलक तालिमको सञ्चालनमा जोड दिइनेछ ।
- खेलकुद विकासका कार्यक्रम मार्फत आचारण सुधार, स्वस्थ जिवनशैली र प्रतिष्पर्धीको भावना विकास गर्न पहल गरिनेछ ।

- युवाहरुलाई प्राविधिक, सिपमुलक तालिम, स्वयंसेवक, नगरप्रहरी, श्रम सहकारी खोज अनुसन्धान मुलक कार्य, कला तथा साहित्य, खेलकुद शैक्षिक क्षेत्र आदिमार्फत संगठित गरी परिचालन गर्दै विपद व्यवस्थापन, आर्थिक विकास र उत्पादनमा लगाईनेछ ।
- पार्क तथा खुलाक्षेत्र निर्माण गर्दा न्यूनतम मापदण्ड कायम गरी महिला वालबालिका, जेष्ठ नागरिक र अपाङ्गतामैत्री बनाइनेछ ।
- वडास्तर र पालिकास्तरका खेलहरुबाट प्रतिभावान खेलाडी छनौट गरी उत्कृष्ट खेलाडीहरुलाई तालिम प्रदान गरी खेलकुद विकास समितिमार्फत राष्ट्रिय र अन्तराष्ट्रिय खेलाडी निर्माण गर्न आवश्यक सहयोग गरिने छ ।
- गाउँपालिका भित्रका बेरोजगार व्यक्तिको दक्षता र सूची सहितको तथ्याङक संकलन गरी रोजगारका अवसर सृजना गर्ने खालका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । भिमसेनथापा लोककल्याणकारी कोषवाट युवा लक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालन गरिने खेलकुद प्रतियोगितालाई थप प्रभावकारी बनाईनेछ ।

<u>स्वास्थ्य नीतिः</u>

- ७० बर्ष माथिका जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त नागरिकहरुका लागि मासिक रुपमा गाउँ टोलमा नै स्वास्थ्य सेवा प्रदान गर्न **जेष्ठ तथा अशक्त नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम** लाइ थप प्रभाबकारी बनाउदै निरन्तरता दिइनेछ । **बुढि गण्डकी बृद्धाश्रमका आश्रीत हरुलाइ नियमित स्वास्थ्य परिक्षणको ब्यबस्था** गरिनेछ ।
- वालवालिकाहरुले तोकिए बमोजिमका खोपहरु समयमै प्राप्त गर्ने नैसर्गिक अधिकारको ग्यारेन्टी सहित गाउँपालिकालाइ **पूर्णखोपको अबस्था कायम** राख्दै दिगोपन सूनिश्चित गरिनेछ ।
- क्षयरोग नियन्त्रण कार्यक्रमलाइ प्रभावकारी वनाउदै समुदायमा लुकेर रहेका क्षयरोगि पत्ता लगाइ उपचारको दायरामा ल्याउन विशेष स्क्रिनिङ कार्यक्रम लाइ प्रदेश अन्तर्गतको क्षयरोग उपचार केन्द्र संगको सहकार्यमा निरन्तरता दिदै **क्षयरोग मुक्त पालिका अभियान संचालन** गरिनेछ ।
- **सवै नागरिकहरुलाइ अनिवार्य स्वास्थ्य विमामा आबद्ध गराउन विशेष पहल** लिइनेछ।शहिद स्मृति आधारभुत अस्पतालमा शुरु भएको स्वास्थ्य विमा कार्यक्रमलाइ थप व्यबस्थित गर्दै बुढिगण्डकी बृद्धाश्रमका आश्रीतहरु,गाउँपालिका भित्रका विपन्न परिवारलाई साथै आय श्रोत नभएका ग र घ बर्गका अपांगता भएका व्यक्तिको परिवारको स्वास्थ्य विमा वापत लाग्ने रकम गा पा मार्फत भुक्तानी गरिने व्यबस्था मिलाइनेछ।
- सहिद स्मृति आधारभुत अस्पताल बाट प्रदान गरिने सेवा लाइ थप व्यबस्थित र प्रभावकारी बनाउन आवस्यकतानुसार जनशक्त‍ि थप‍ि सेवाको गुणस्तर बृद्धि गरिनेछ।गा. पा. भित्र बसोबास गर्ने नागरिकहरुलाइ रोग लाग्न नदिने तरिकाहरु अवलम्बन गरिनेछ ।रोग लागिहाले

उपचारात्मक सेवामा पहुँच बढाउन चिकित्सकको संख्या थप गरि वडा स्थित स्वास्थ्य संस्थाहरुमा समय समयमा स्याटेलाइट क्लिनिक संचालन गरि चिकित्सकीय सेवा प्रदान गर्ने ब्यबस्था मिलाइनेछ ।

- गर्भवती महिलाहरुलाइ सुत्केरी सेवाका लागि स्वास्थ्य चौकी सम्म आउने र जाने साथै जटिलता भइ रेफर गर्नुपरेमा र नवशिशुमा जटिलता भइ अस्पताल जानुपरेमा एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ । **शून्य होम डेलिभरी कायम गर्न विशेष पहल** गरिनेछ ।
- प्रत्येक वडामा रहेका स्वास्थ्य सस्थामा मासिक रुपमा दक्ष जनशक्तीबाट **गर्भवती महिलाहरुलाइ निशुल्क भिडियो एक्स रे** गर्ने कार्यलाइ ब्यबस्थित गरि निरन्तरता दिइनेछ ।
- विपन्न तथा असहाय र गरिब जेष्ठ नागरिकहरु र गर्भवती सुत्केरी र नवजातशिशुहरुलाइ आकस्मीक अबस्थामा स्थानीय स्वास्थ्य संस्था, टोल विकास संस्था तथा वडाको सिफारिसमा जिल्ला अस्पतालसम्म एम्बुलेन्स सेवामा लाग्ने शुल्क गा पा मार्फत भुक्तानीको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएका सेवाहरुको रेकर्ड राख्ने र प्रतिबेदन गर्ने कार्यलाई प्रविधिमैत्री र ब्यबस्थित गर्दै स्वास्थ्य कर्मिहरुको क्षमता अभिबृद्दि कार्यक्रम सन्चालन गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा भौतिक अबस्था सुधार साथै स्वास्थ्य चौकीमा संचालित प्रयोगशाला सेवा मार्फत **निःशुल्क आधारभुत प्रयोगशाला सेवा** प्रदान गरिनेछ ।
- **पारिवारिक स्वास्थ्य प्रोफाइल अपडेट** गरि विद्युतिय स्वास्थ्य सूचना व्यबस्थापन प्रणाली संग लिंक गर्ने कार्यलाइ प्रभावकारी बनाइनेछ ।
- १००० दिन भित्रका आमा तथा बाल बालिकहरुको पोषण अबस्थामा सुधार गर्न गर्भवती सुत्केरी तथा २ बर्ष मूनिका **बाल बालिकाहरु र किशोरीहरुको लागि बिशेष पोषण कार्यक्रम सन्चालन** गरिनेछ ।
- पालिका भित्रका सुत्केरी महिला भेटघाटमा वडा कार्यालयको अगुवाईमा स्वास्थ्य संस्था र टोल विकास संस्था सहभागी भई घरदैलो, Birth Certificate र पोषण उपहार कार्यक्रम प्रारम्भ गरिनेछ ।
- ५ बर्ष मूनिका बाल बालिकाहरुको **कूपोषण दर लाइ शून्य बनाउने नीति** लिइनेछ ।पोषण मैत्री घरटोल, वडा, पोषणमैत्री स्वास्थ्य संस्था घोषणाका लागि आवस्यक सूचकका आधारमा वडा ,स्वास्थ्य संस्था घोषणा गर्दै पोषणमैत्री घर, टोल, वडा र पालिकाको आधार तयार गरिनेछ ।
- किशोरीहरुमा हुने कुपोषण र रक्तअल्पतालाइ रोकथाम गर्न किशोरी आइरन कार्यक्रमलाई प्रभाबकारी बनाइनुको साथै किशोरीहरुको पोषण र रक्तअल्पताको अबस्था पत्ता लगाउने कार्यलाइ निरन्तरता दिइनेछ ।

- असन्तुलित भोजनको कारण स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभाव रोक्नका लागि टोल विकास संस्थाहरुको सहकार्यमा **भान्सा सुधार कार्यक्रम** मार्फत कुपोषण र नसर्ने रोगहरुको रोकथामका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- बिषादिको असुरक्षित प्रयोगले मानब स्वास्थ्यमा पारेको प्रतिकूल असरलाइ न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ।साथै नसर्ने रोगहरुको बृद्धि भइरहेको बर्तमान परिप्रेक्षमा मुटु रोग,,मृगौला रोग, ,क्यान्सर लगायत मानसिक रोगहरुको समयमै पहिचान र निदान गरि उपचारको दायरमा ल्याउने र थप बिग्रन नदिन रोगहरुको स्क्रिनिङ गर्न सरकारी गैह्र सरकारी र निजी क्षेत्र संग समेत सहकार्य गर्दै बिशेष कार्यक्रम तथा शिविर सन्चालन गरिनेछ।**"म स्वस्थ, मेरो घरपरिवार स्वस्थ र मेरो समुदाय स्वस्थ"** अभियान संचालन गरिनेछ । मानसिक रोगहरुको बढ्दो समस्या यस बाट व्यक्ति परिवार र समुदायमा परेको असरलाइ न्यूनिकरण गर्न विशेष कार्यक्र्म संचालन गरिनेछ ।
- सरुवा रोगहरुको नियन्त्रण तथा महामारी जन्य संक्रमण रोकथाम गर्न पालिका स्तरीय साथै स्वास्थ्य संस्था स्तरीय R.R.T.लाइ आबस्यकता अनुसरको सामग्रि सहित सकृय बनाइनेछ । रोगहरुको फैलावट हुन नदिन विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । स्वास्थ्य संस्थाजन्य फोहरमैलाको उचित व्यस्थापनका लागि आबस्यक पहल गरिनेछ ।
- गाउँपालिकामा संचालन भएको सहिद स्मृति आँखा उपचार केन्द्र भिमसेनथापा ५ लाइ व्यबस्थित गर्दै गोरखा लायन्स आँखा सेवा केन्द्र सँगको सहकार्यमा आँखा सेवालाइ सवै नागरिक सम्म पुर्याउन विशेष कार्यक्रम संचालन गरिनेछ । **मोतिविन्दुको निशुल्क शल्यक्रिया गर्ने व्यबस्था** मिलाइनेछ ।
- **बैकल्पिक चिकित्सा अन्तर्गत आयुर्बेद ,प्राकृतिक चिकित्सा ,योग शिक्षा लाइ जोड दिदै पालिका भित्र एक अक्कुपञ्चर सेवा केन्द्र स्थापना गरिनेछ। पालिकाभित्रका कम्तीमा एक स्वास्थ्य संस्था वा उपयुक्त स्थानमा व्यामशाला निर्माण गरिनेछ ।**
- गाउँपालिका भित्र सन्चालित एम्बुलेन्सहरुलाइ ब्यबस्थित रुपमा सन्चालन गर्दै, सहिद स्मृति आधारभुत अस्पतालमा संचालनमा रहेको स्वास्थ्यकर्मी सहितको एम्बुलेन्सलाइ निरन्तरता दिइनेछ।
- स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य सेवा केन्द्र हरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रमले निर्दिष्ट गरेका सूचकहरुलाइ पुरा गर्न आबस्यक बजेट तथा सामग्रिको ब्यबस्था गरि गुणस्तरीय स्वास्थ्य सेवाको सूनिश्चितता गरिनेछ।साथै न्यूनतम सेवा मापदण्डका सूचकहरु पुरा गर्न सकृय स्वास्थ्य संस्थाहरुलाइ थप बजेट व्यबस्था गरि प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक अबस्था सुधार गर्दै अत्यबस्यक औजार उपकरणको निरन्तर उपलब्धता सुनिश्चित गरिनेछ ।

- महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुको सेवाको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन कार्यलाइ निरन्तरता दिइनेछ । **उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुलाइ सम्मान** तथा पुरस्कृत गरिनेछ ।
- स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको मनोवल उच्च राख्दै गुणस्तरीय सेवा प्रदान गर्न तालिम तथा प्रोत्साहन गर्ने कार्यहरु संचालन गरिनेछ । स्वास्थ्य कार्यक्रमहरुको बार्षिक तथा अर्धवार्षिक समिक्षा गरि सुधारको लागि कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

<u>सामाजिक, समावेशी तथा महिला, बालवालिका, जेष्ठ नागरिक संरक्षण नीतिः</u>

- भिमसेन थापा गाउँपालिकालाई **बालमैत्री स्थानीय शासन घोषणा** का लागि सूचकमा रही आवश्यक विभिन्न क्रियाकलाप गर्न सम्वन्धीत सरोकार निकायसँग समन्वय एवं सहकार्य गरी संचालन एवं व्यवस्थापन गरिनेछ।
- **सबैको सम्मानका लागि समान सहभागिता** भन्ने मूल नाराका साथ भिमसेनथापा गाउँपालिकामा सामाजिक विकास र समावेशीकरणको नीतिलाई अवलम्बन गरिनेछ ।
- **नमुना टोल निर्माण, घोषणा र प्रोत्साहनका लागि जनसचेतीकरण, जागरण, नियमन, व्यवस्थापन र प्रभावकारी अनुगमन गरिनेछ।**
- महिला, दलित, जनजाति, मुस्लिम, अपाङ्ग, तेस्रोलिङ्गी समुदायको सशक्तिकरणका लागि अनुदान, सीप तालिम र सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तीहरुको पहिचान गरी परिचय पत्र वितरण तथा मागमा आधारीत सहायता सामग्री एवं जिविकोपार्जनका लागि सिप विकास कार्यक्रम संचालन गरिनेछ।
- **बालबालिका तथा अपागं अशक्त, जेष्ठ नागरिकमैत्री टोल/वडा घोषणा कार्यक्रमलाई अगाडी बढाइनेछ ।**
- **आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाको लागी जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीप मूलक तालिम) को लागि आवश्यक व्यवस्था गरिनेछ।**
- लैङ्गिक हिंसा न्यूनीकरण र बालविवाह नियन्त्रणका लागि टोलविकास संस्थाहरुमै जनचेतना र निगरानी सञ्जाल बलियो बनाउन आवश्यक पहल गरिनेछ ।
- शीक्षित, वेरोजगार युवा-युवती र गृहणी महिलाहरुलाई Virtual Training मार्फत सशक्तिकरण र जीविकोपार्जनमा रुपान्तरण गराईनेछ ।
- समाजमा विद्यमान सवै प्रकारका अन्याय, शोषण, असमानता र विभेदको अन्त्य गर्दै उत्पीडनमा परेका जाति, वर्ग, क्षेत्र लिङ्गका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक सामाजिक रुपले विपन्न वर्ग तथा समुदायको उत्थानको लागि आयआर्जन तथा सीप विकासका कार्यक्रममार्फत गरिवी न्युनीकरण, रोजगारी प्रर्वद्धन जस्ता कार्यक्रमलाई विशेष प्राथमिताका साथ अगाडि बढाइनेछ ।

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणालीलाई आवश्यक सुदृढीकरण गरिनेछ ।
- **हरेक शहिद तथा वेपत्ताहरुको सम्झना र सम्मानमा एक सहिद एक योजना तथा परियोजना सञ्चालनलाई निरन्तरता दिईनेछ।**
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवन, आत्महत्या न्यूनिकरण गर्नका लागि  टोल विकास संस्थाहरुलाई नै आधार मानी विभिन्न संघ, संस्थाहरु सँगको सहकार्यमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै प्लाष्टिकजन्य पदार्थको प्रयोगलाई निरुत्साहित गर्दै कमसल खालको मदिरा (पुन्टे रक्सी) लाई प्रतिबन्ध गर्ने अभियानलाइ निरन्तरता दिइनेछ ।
- बुढीगण्डकी वृद्धाश्रम तथा लक्ष्मीनारायणधाम सञ्चालनका लागि अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पालिकालाई सहयोगापेक्षी सडक आश्रीत मानवमुक्त पालिका निर्माण गर्न एक छाक भोजन र एक सरो कपडाको अभावमा सडकपेटी एवं सार्वजनिक स्थलमा कष्टकर जीवन बिताउने मानवजनलाई आवश्यक उद्धारको व्यवस्था गरि खालि भएका विद्यालय भवनहरुलाई टोल विकास संस्थाहरुको सहकार्यमा सुरक्षीत आवास र पारीवारिक पुर्नमिलन कार्यक्रम अघि बढाइनेछ ।
- जनयुद्ध तथा जनआन्दोलनमा सहादत प्राप्त गरेका सहिद परिवारलाई जिविकोपार्जनका लागि सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ । कार्यविधि बनाई मासिक भत्ता, शिप विकास, प्रविधि हस्तान्तरण लगायतका कार्यक्रमलाई अगाडी बढाइनेछ ।
- आफ्नो जीवन उत्सर्ग गरेर समाज परिर्वतन गर्ने महान शहीदहरूप्रति सम्मान गर्ने र प्रेरणा लिने सँस्कृतिलाई आत्मसात गरिनेछ ।सहिद मार्ग, सहिद चोक, सहिद प्रतिक्षालय, सहिद बाटिका निर्माण र सुरक्षा एवं उपभोग गर्न टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ।
- खालि भएका विद्यालयहरुको संरक्षण र पुनर्प्रयोग गर्नेगरी **एक वडा, एक जेष्ठ नागरिक मिलन केन्द्र निर्माण सञ्चालन कार्यक्रम** सुरु गरिनेछ । जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, टुहुरा बालबालिका तथा असहायहरूलाई संरक्षण तथा सहयोग नीति अवलम्बन गरि सवै टोलहरुमा भिमसेनथापा लोककल्याणकोष खाता संचालन गरी टोल विकास संस्थाबाटै प्रत्येक नागरिकबाट मासिक एक दिनको कमाइ बचत गरी समुदायकै हितमा सदुपयोग गर्ने नीति लिइनेछ।
- विभिन्न जाजातिको मौलिक एवं सामाजिक, सांस्कृतिक, भाषा-सस्कृतिको संरक्षण संर्वद्धन गर्दै विद्यमान सवैप्रकारको विभेद, बहुबिवाह, बालबिवाह, अनमेल बिवाह, महिला हिंसा, जातीय छुवाछुत आदिलाई अन्त्य गर्दै प्रेम सम्बन्ध तथा आपसी सहमतिमा प्रेममा आधारित विवाहलाई प्रोत्साहित गरिनेछ। अन्तरजातीय विवाहलाई प्रोत्साहित गरी समाजमा स्थापित गर्ने गरी **म नमूना बन्छु, म नमूना बनाउछु भन्ने विशेष कार्यक्रम संचालन गरिनेछ।सवै खाले विभेद र जातिय भेदभाव एवं छुवाछुत मुक्त घर, टोल, वडा निर्माण-घोषणा प्रारम्भ गरिनेछ।**

- **फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक र जोखिममा परेका नागरिकका लागि खालि भएका विद्यालय भवनमा सुरक्षित सेल्टरको** व्यवस्था गरिने छ । सिमान्तकृत तथा विपन्न वर्गहरुको लागि विशेष कार्यक्रम ल्याईनेछ । वंचितीकरणमा परेकाको क्षमता विकास र सशक्तिकरण गर्न सवै वडा समुदायमा सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल सरकारले जेष्ठ नागरिक एकल महिला तथा अपाङ्गगता भएका व्यक्तिलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता गाउँ टोलमा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

<u>खानेपानी तथा सरसफाई नीतिः</u>

- गाउँपालिका भित्रका खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पुर्वाधार विकास गरि खानेपानीको पालिका भित्रका सवै नागरिकहरुलाई खानेपानीको सहज पहुँच विस्तार गरिनेछ । भरपर्दो, शुद्ध र गुणस्तरीय खानेपानीको सेवाका लागि **"एक घर, एक धारा"** कार्यक्रमलाई सवै वडाहरुमा सुनिश्चित गर्दै लगिनेछ ।
- सवै खानेपानी आयोजनाहरुलाई समितिमा आवद्ध गराई न्यूनतम् शुल्कको व्यवस्था गरि कोषको व्यवस्थाका लागि कार्य अगाडी बढाइनेछ । भिमसेनथापा गाउँपालिकामा N-WASH मार्फत सवै खानेपानी समितिहरुको नियन्त्रण र एकीकृत विकासमा जोड दिई खानेपानी तथा उपभोक्ता महासंघ गठन गरिनेछ ।
- महसुल अनुदान उपलब्ध गराउन निरन्तर पहल गरिनेछ। N-WASH MIS SYSTEM बाट तथ्याङ्क संकलन गरी खानेपानी सरसफाइ तथा स्वच्छता योजना निर्माण गरी कार्यान्वयनमा लगिनेछ ।
- गाउँपालिकालाई **ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका** बनाउन **पूर्ण सरसफाई युक्त पालिका घोषणा गर्ने तयारी गरिनेछ । सार्वजनिक शौचालयहरुको निर्माण मर्मत संभार र स्तरोन्नती गर्ने कार्यलाइ जोड दिइनेछ ।**
- **वातावरणमैत्री गाउँपालिका निर्माणका लागि फोहोरमैला व्यवस्थापन गर्न डम्पीङ साइड निर्माण कार्यमा जोड दिइनेछ ।** प्लाष्टिक जन्य फोहोरहरुको विसर्जनका लागि समुदायस्तरमा सघन रुपमा सचेतना फैलाई व्यवस्थित रुपमा संकलन गरि फोहोरबाट आविष्कार कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रको प्रत्येक खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि साना तथा ठूला सिंचाई आयोजनाहरु संघीय र प्रदेश सरकारसँग समन्वय गरी अगाडी बढाईनेछ । सिंचाई सुविधाको लागि वैकल्पिक पद्धतिको समेत विकास गरिनेछ ।
- गाउँको विभिन्न क्षेत्रमा **"एक वडा एक बहुउपयोगी पुनर्जलिय (REFIL TANK) निर्माण"** कार्यको सम्भाव्यता अध्ययन गरी कार्य अगाडी बढाईने छ । आकाशेपानी संकलन गरी सुख्खा क्षेत्रमा तरकारी खेतीलगायतका लागि **एक वडा, एक पानी पोखरी कार्यक्रम** सञ्चालन गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु !**

**अव म गाउँपालिकाको आ.व. २०८२-०८३को भौतिक पूर्वाधार सम्वन्धी नीति प्रस्तुत गर्दछु।**

<u>भवन, आवास तथा वस्ती विकास नीतिः</u>

- सबै किसिमका पूर्वाधार निमार्ण गर्दा फरक क्षमता भएका व्यक्ति र जेष्ठ नागरिकको पहुँच सुनिश्चित हुने गरी निर्माण गरिनेछ । शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईने छ । नक्सा पास सम्वन्धमा जनचेतना जगाई कुनै पनि घर, टहरा नक्सा पास गरेर मात्र बनाउने अवस्थाको सिर्जना गरिने छ ।
- **सडकको क्षेत्राधिकार भित्रका घर टहराहरु हटाउने र दुर्घटना मुक्त क्षेत्रको रुपमा विकास गर्ने प्रयत्न गरिनेछ ।**
- सामुदायिक विद्यालय भवन, जेष्ठ नागरिक विश्राम गृह, आमा समूह भवन, तथा अन्य संघ संस्थाको भवनको लागि गाभिएका विद्यालयका तथा अन्य संघ संस्थाका भवनहरुलाई आवश्यकता अनुसार मर्मत गरी प्रयोगमा ल्याइने व्यवस्था गरिनेछ र सम्भव नभएमा मात्र निर्माणमा वजेटको व्यवस्था गरिने छ ।
- **गाउँपालिका भित्र निर्मित सार्वजनिक संरचनाहरुको आवश्यकता अनुसार मर्मत गर्नको लागि मर्मत संभार कोषको व्यवस्था गरिने छ ।**
- यस गाउँपालिकमा नक्सा पास प्रकियालाई अगाडी बढाई **पालिका भित्रका सबै ५३०० घर भवनहरुको अद्यावधिक गर्ने कार्य शुरु गरिनेछ ।**
- संघ, प्रदेश तथा अन्य साझेदार निकायहरुसँग समन्वय गरि आवश्यकता अनुसार गाउँपालिका प्रशासकीय भवन, शाखा कार्यालय भवन तथा वडा कार्यालय भवन लगायतका पूर्वाधारहरु निर्माण गरिने छ ।
- एकीकृत वस्ती विकासको कार्यक्रमलाई प्राथमिकता दिईने छ र सोको लागि सम्भाव्यताको अध्ययन गर्न आवश्यक पहल गरिनेछ ।
- ल्याण्ड पुलिङ्ग गरी संचालन गरिने एकीकृत विकास योजनाहरुलाई आयोजना बैंकमा समावेश गरी विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

<u>सडक, पुल तथा यातायात नीतिः</u>

- गाउँपालिकाका मुख्य लाइफलाइन सडकको लागि संघ तथा प्रदेशसँग समन्वय गरिने छ । आवश्यकता अनुसार समपुरक आयोजना सञ्चालन गरिने छ ।

- **गाउँपालिकाको जोड, बाह्रै महिना रोड** कार्यक्रम वडादेखि पालिकाको केन्द्रसम्म र वडामा बाह्रै महिना सडक सूचारु हुनसक्ने गरी सडक स्तरोन्नती गरिने छ । गाउँ क्षेत्र भित्र तथा बाहिरका सडकलाई एकिकृत तवरले यातायातको सुविधा पुऱ्याउन **गाउँ यातायात गुरुयोजना अनुसार सडक निर्माण तथा विस्तार गरिनेछ ।**
- फिल्ड सर्भेका लागि आवश्यकता पर्ने सर्भे सामाग्री तथा आधारभूत इन्जिनियरिङ्ग ल्याब सामाग्रीको व्यवस्थापन गरिने छ ।
- सडक तथा यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र विस्थापित नहुने गरी डिजाइन गरिनेछ । भौतिक निर्माण पुर्व आवश्यकता अनुसार वातावरणीय अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गरिने छ ।
- गाउँपालिकाको सुव्यवस्थित विकासको लागि आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, ऐतिहासिक पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेटेको निर्माणाधीन भिमसेनथापा चक्रपथको निर्माण कार्यलाई शीघ्रताका साथ अगाडि बढाईने छ ।
- यातायात क्षेत्रलाई व्यवस्थित बनाउनका लागि **पालिकाभित्र वसपार्कको निर्माणको सम्भाव्यता अध्ययन तथा निर्माणका लागि आवश्यक पहल गरिने छ ।**
- ग्रामिण यातायात मार्फत ८ वटै वडाहरुमा यातायात सेवालाई नियमित गर्न आवश्यक पहल तथा व्यवस्थापन गरिने छ । निजी क्षेत्रलाई स्थानीय यातायात संचालन गर्न अभिप्रेरित गरिनेछ ।
- नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भएका सडकको स्तरोन्नती र दिगोपनमा जोड दिइने छ।
- पालिकाभित्रको विभिन्न खोलाहरुमा संघीय सरकारसँगको लागत साझेदारीमा झोलुङ्गे पुल निर्माण कार्यलाई अगाडी बढाइने छ । जीर्ण झोलुङ्गे पुलको मर्मत सम्भार गरिने छ ।

<u>जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा नीतिः</u>

- गाउँपालिका भित्रका सबै वडामा हाल रहेको सामुदायिक विद्युत प्रणालीलाई राष्ट्रिय विद्युत प्रणालीमा लैजान आवश्यक पहल गरिने छ ।
- वैकल्पिक उर्जाको विकास तथा पालिका भित्र सौर्य ऊर्जा जडानका लागि १ मे.वा.को प्लान्ट निर्माण गर्न आवश्यक पहल गरिने छ ।
- विद्युतीय उपकरण सुरक्षित गर्ने तथा जनधनको क्षति हुन नदिने उद्देश्यका साथ गाउँपालिका तथा वडा कार्यालयहरुमा अर्थिङ्ग तथा स्टयाविलाइजरको व्यवस्था गरिनेछ ।
- गाउँपालिका, शाखाहरु तथा स्वास्थ्य संस्थाहरुमा चौविसै घण्टा विद्युत आपुर्तिको सुनिश्चितता गरिने छ ।

**गाउँ सभाका सदस्यज्यूहरु !**

**अव म गाउँपालिकाको आ.व. २०८२-०८३ को बन, वातावरण तथा विपद् व्यवस्थापन सम्वन्धी नीति प्रस्तुत गर्दछु।**

<u>वन, भू-सरक्षण तथा जैविक विविधता नीतिः</u>

- सामुदायिक वन उपभोक्ता समुहलाई वन डढेलो नियन्त्रण, सुरक्षा सामग्री वितरण, क्षतिपुर्ति र आगजनी दुर्घटना बिमाको व्यवस्था गरिनेछ । वनमा रहेका काष्ठ तथा गैरकाष्ठ प्रजातिको उचित व्यवस्थापन, खेर गएको वनस्रोतको सदुपयोग र आर्थिक कृयाकलापको वृद्धि गरि रोजगारीको अवसर सृजना गर्न सामुदायिक वनमा काष्ठ तथा गैह्रकाष्ठ प्रशोधन केन्द्र स्थापनाको लागि पहल गरिनेछ । साथै अन्य **कृषि वन कार्यक्रमलाई पनि प्रोत्साहन गरिनेछ ।**
- वनलाई आयआर्जनसँग जोड्ने गरी सामुदायिक वन उपभोक्ता समितिलाई आवश्यक सिप, तालिम प्रदान गरी सशक्त बनाउँदै दिगो वन विकासमा वन कार्यालयसँगको साझेदारीमा विविध कार्यक्रम अगाडी बढाइने छ । वन, जंगलको विस्तार तथा भूक्षय नियन्त्रणको लागि वृक्षारोपण कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाईने छ । वन कार्यालय तथा अन्य सम्बद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा **नर्सरीहरुको स्थापना र विस्तार गरिने छ ।**
- जैविक विविधता संरक्षण हुने गरि एक **सामुदायिक वन एक पानी पोखरी निर्माण** गरिनेछ ।
- **सडकको दायाँ बायाँ हरियाली प्रवर्द्धन गरी हरित गाउँपालिकाको रुपमा विकास गरिने छ । सडक किनारामा सौन्दर्यता र आयमूलक कार्यक्रम सहितको वृक्षारोपणको नीति अवलम्बन गरिने छ ।** स्थानीय समुदायको सहयोगमा गाउँको विभिन्न स्थान र सडक किनारामा प्रतिष्पर्धात्मक तवरले वृक्षारोपण र पुष्पवाटिका निर्माण जस्ता हरियाली पर्वद्धन कार्य गरिनेछ ।
- सफा र हरियाली गाउँपालिका निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रुख तथा बाँसद्धारा तटवन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाँउमा वृक्षारोपण आदि कार्य गरिने छ । बजार क्षेत्रमा घरको छत र वरण्डामा कौसी खेतीको शुरुवात गरी बजारलाई सफा र हरियो गाउँको रुपमा विकास गरिनेछ । वातावरण संरक्षणका लागि डिभिजन वन कार्यालय तथा प्रदेश सरकारसंग समन्वय गरी **वन संरक्षण, विकास, विस्तार र आयआर्जनको कार्य अगाडि वढाईने छ ।**
- गाउँपालिका क्षेत्रभित्र संचालित **ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र Bio-engineering को प्रविधि अवलम्बन गरिने छ ।**

- सामुदायिक वन उपभोक्ता समिति र वन समूहमा रहेको कोषलाई प्रभावकारी रुपमा परिचालन गरी वन उपभोक्ता महासंघलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लगिनेछ। **वन पैदावार तथा जडिबुटिका स्रोत सर्वेक्षण कार्यक्रम संचालन गरिनेछ** ।वन, चरन क्षेत्र, सिमसार र जैविक विविधता समेत संवोधन हुने गरी दिगो व्यवस्थापनका लागि जैविक स्रोत संरक्षण अभियानलाई प्राथमिकता दिइनेछ। सामुदायिक वन उपभोक्ता समुहको दैनिक आम्दानी र खर्चको व्यवस्थित अभिलेखिकरण गर्न सामुदायिक वन उपभोक्ता समुहलाई वित्तिय साक्षरता र लेखा परिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिन्छ ।

<u>वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन नीतिः</u>

- नदीजन्य पदार्थ जस्तैः ढुंगा, गिट्टी, बालुवाको आंकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुको उत्खनन, संकलन, प्रसोधन ओसारपसार र विक्रि वितरणलाई व्यवस्थित र प्रभावकारी बनाईने छ ।
- **वातावरणमैत्री गाउँपालिका निर्माणका लागि फोहोरमैला व्यवस्थापन गर्न डम्पीङ साइड निर्माण** कार्यमा जोड दिइनेछ । प्लाष्टिक जन्य फोहोरहरुको विसर्जनका लागि समुदायस्तरमा सघन रुपमा सचेतना फैलाई व्यवस्थीत रुपमा विर्सजन गरिनेछ ।फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधि प्रयोग गरिने छ ।
- घर निर्माणको अनुमति प्रक्रियामा उपयुक्त मापदण्डको शौचालय र सेफ्टीट्याकी निर्माणलाई अनिवार्य गरिनेछ । फोहोर उत्पादन कम गर्ने तथा पुनः प्रयोग गर्न सचेतना प्रदान गर्नका लागि टोल-टोलमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- **Zero Waste Concept** मा गई संकलित फोहरलाई आधुनिक प्रविधि प्रयोग गरी श्रोतको रुपमा उपयोग गर्ने कार्ययोजना बनाइने छ । फोहोरवाट आविष्कारको सुरुवात गरिने छ । साथै **Plastic Block & Bitumen** तथा अन्य रिसाइक्लीन विधी अपनाइने छ ।
- **गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त पालिका घोषणा गर्नेतर्फ अभियान सूरु** गरिने छ ।पूर्ण सरसफाइयुक्त घर-टोल, वडा निर्माण-घोषणा गरिनेछ। तोकिएका मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थ नपोली, नफाली पुनः प्रयोग गरिनेछ ।

<u>विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता नीतिः</u>

- विपद् व्यवस्थापन कार्यमा उद्धारको सहजताको लागि प्रत्येक वडामा हेलिप्याड निर्माणको पहल थालिने छ । विपद् व्यवस्थापन कोषको वृद्धिको लागि सार्वजनिक, नीजि र गैरसकारी संस्थाहरु

सँग समन्वय गरिने छ ।साथै गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई विपद् व्यवस्थापन सम्बन्धी अभिमुखिकरण तालिम संचालन गरिने छ ।

- **विपदबाट हुनसक्ने धनजनको क्षतिको न्यूनीकरण गर्न गाउँपालिका भित्रका सम्पूर्ण घरहरुको घर बीमा कार्यक्रम अगाडी बढाइने छ ।**
- **सबै नागरिकको सामुहिक दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।**
- स्थानीय आपतकालीन संचालन केन्द्रलाई प्रभावकारी रुपमा कार्यान्वयन एवं परिचालन गरिनेछ। विपद सहायता कक्ष स्थापना गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- विपद् र महामारीको पूर्व तयारी एवं प्रतिकार्यका लागि वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई उद्वार, राहत तथा पुर्ननिर्माण कार्यमा परिचालन गरिने छ । विपद्को अवस्थामा तत्काल उद्धारको लागि आवश्यक सामग्रीहरु तथा सुरक्षित वासस्थानको व्यवस्था गरिने छ ।
- गाउँभित्र हुने भूस्खलन, बाढी पहिरो, आगलागी, भुकम्प, आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृत्रिम विपत्तिबाट तुरुन्त उद्दार, राहत र पुनर्निर्माण गर्न गाउँपालिका, नगर प्रहरी, सेना सशस्त्र प्रहरी, नेपाल प्रहरी, जिल्ला प्रहरी, स्काउट र रेडक्रससँग समन्वय गरी तुरुन्त प्राथमिक राहत र दीर्घकालीन योजना बनाइने छ ।
- जलवायु परिवर्तनसँग अनुकुलन हुने गरी आयोजना तथा कार्यक्रमहरु सञ्चालन गरिने छ । जलवायु परिवर्तनबाट पर्ने वहुआयामिक प्रभावको असर विश्लेषण गरी त्यसको न्यूनीकरणका लागि सबै टोल विकास संस्थाहरुको बैठक गरी सबै संघसंस्थाको मसमन्वय र पहलमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरि नमूना घर-टोल-वडा घोषणा प्रारम्भ गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरु !**

**अव म गाउँपालिकाको सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति प्रस्तुत गर्दछु ।**

<u>सुशासन तथा संस्थागत विकास नीतिः</u>

- नागरिकहरुलाई छिटो, छरितो र सहज एवं प्रभावकारी रुपमा सेवा प्रदान गर्न आवश्यक नीति अवलम्बन गरिनेछ। पालिकावाट प्रदान गरिने सवै सेवा जनमैत्री, सेवाग्राहीमैत्री र असहाय विपन्नमैत्री हुनेछन् ।
- जनप्रतिनिधि र कर्मचारीहरुबाट मुस्कान सहितको सेवा Service With Smile को नीतिलाई पूर्ण कार्यान्वयनमा जोड दिइनेछ । साथै पालिकाको आन्तरिक नियन्त्रण प्रणाली र सार्वजनिक सेवा

मापदण्डलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ । नागरिकको जनगुनासो व्यवस्थापन सम्बोधनमा विशेष जोड दिई सेवाग्राही सर्वेक्षण फारम र एक्जिट पोल लागु गरिनेछ ।

- राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च मनोबलका साथ काममा उत्प्रेरित गर्न आवश्यक पहल गरिनेछ । करार सेवामा कार्यरत कर्मचारहिरुको सेवा सुविधालाई समय सान्दर्भिक बनाउदै लगिनेछ ।
- पालिका र नागरिक बिच प्रत्यक्ष सम्पर्क बढाउने गरी प्रत्येक हप्ता एउटा विषयगत समिति र शाखाले जुम मिटिङ सञ्चालन गरी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- गाउँसभा संचालन कार्यविधि २०७५ मा उल्लेखित मर्यादा पालन सम्बन्धी विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिइनेछ । जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिता लागू गरिनेछ । गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत वैठक सञ्चालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिईनेछ ।
- गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत भिमसेनथापा गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिइनेछ ।
- मितव्ययी तथा पारदर्शी आर्थिक प्रणाली र वित्तिय अनुशासन अपनाइनेछ । जनताका तमाम कामहरू सहज र सरल ढंगले सम्पादन गर्न जोड दिइनेछ । अक्षर पढ्न नजान्ने नागरिकहरुलाई सेवा प्रवाहको बारेमा जानकारी पु¥याउन पालिका तथा **सवै वडामा अडियो भिडियोसहितको नागरिक वडापत्रको व्यवस्थाका लागि पहल गरिनेछ ।**
- मानव संशाधन विकासका लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ। जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि आदिको निर्माण गरि Chain Of Command नीतिको अवलम्वन गरिनेछ ।
- जनप्रतिनिधि तथा स्थानीय सरकार अन्तर्गत काम गर्ने कर्मचारी, स्वयमसेवक, नगर प्रहरी, शिक्षक सबैलाई कार्य सम्पादन, जनसम्बन्ध, प्रशासन लगायतका विषयमा तालिम दिने, अनुगमन गर्ने, नसिहत र पुरस्कारको व्यवस्था गर्दै मासिक समीक्षा तथा मूल्याङ्कन गरिनेछ ।
- सवै कर्मचारीहरुको कार्य विवरण वनाई अनिवार्य रुपमा लागू गरिनेछ । पालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार सम्झौता पूनरावलोकन गरी निरन्तर अगाडी बढाइने छ ।साथै दैनिक कार्य विवरण फारम भरी मासिक प्रतिवेदन केन्द्रीत गरी कामलाई प्रभावकारी बनाइनेछ। कर्मचारीको कार्यसम्पादन करार र कार्य सम्पादन मुल्याङ्कन नियमित रुपमा गरिनेछ ।
- पालिकाको सवै प्रकारका भौतिक पूर्वाधार विकास तथा सरकारी सम्पतीको अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

- उत्कृष्ट कार्य गर्ने गाउँपालिकाका कर्मचारी, टोल विकास संस्था, वडा तथा शाखा कार्यालय फोहरमैला व्यवस्थापन समिति, पालिकाको प्रचारप्रसारमा महत्वपूर्ण भूमिका खेल्ने पत्रकारलाई अनुकरणीय कामकै आधारमा पुरस्कृत गर्ने पद्धतिको थालनी गरी यसलाई निरन्तरता दिईनेछ ।
- भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय तथा शाखा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह जनमैत्री, पारदर्शी, वस्तुनिष्ठ तथा समसामयिक बनाउँदै लगिनेछ । विषयगत समिति र शाखा कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी नागरिक वडापत्र राखिनेछ।
- E-Governance को अवधारणालाई पुर्ण रुपमा लागू गर्नका लागि जोड दिइनेछ । भिमसेनथापा गाउँपालिका अन्तर्गत **८ वटै वडा कार्यालय र शाखा कार्यालयहरुमा CLEC स्थापना गरी प्रविधिमार्फत व्यवस्थित र केन्द्रित** गर्दै लगिनेछ । सेवाप्रवाहलाई प्रभावकारी बनाउनको लागि अनलाईन प्रणालीलाई अझ प्रभावकारी बनाईनेछ ।
- **विदेश तथा स्वदेशका विभिन्न पालिकासंग भगिनी सम्बन्ध** स्थापनाका लागि प्रक्रिया अगाडी बढाई विभिन्न विषयहरुमा सहकार्य र समन्वय गरि कार्य गरिनेछ ।
- जनमुखी प्रशासन सञ्चालनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण लगायतका विविध कार्यक्रम सञ्चालन गरिनेछ । नागरिकलाई सेवा प्रवाहका बारेमा पृष्ठपोषण गर्ने कार्यलाई जोड दिईनेछ । सुशासन ऐनले निदृष्ट गरेको पारदर्शिता एवं सेवा प्रवाह सम्वन्धी व्यवस्थाको कार्यान्यिवन भए नभएको अनुगमन गरिनेछ । सुशासन र पारदर्शितामा गाउँपालिकालाई अव्बल गाउँपालिकाको रुपमा अगाडी बढाइनेछ ।
- टोल विकास संस्थाहरुलाई सक्रिय र व्यवस्थित बनाएर एक जनप्रतिनिधि एक टोल जिम्मा लिई सबै विषयगत समिति र शाखा र वडाका कर्मचारी, शिक्षक, विद्यार्थी समेत परिचालन गरी **"आफ्नो गाउँ, आफै बनाउँ"** भन्ने अभियान चलाई नागरिकलाई स्वंयमसेवी बनाउन **हरेक महिनाको १ गते जनसेवा कार्यक्रम, १० गते प्रतिभा प्रस्फूटन र मनोरञ्जन, २० गते समिक्षा बैठक टोल-वडामा** प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- गाउँपालिकाको कार्य सञ्चालन प्रक्रिया विधिसम्वत बनाउन निर्माण भएको ऐन तथा कार्यविधीहरुको समयानुकुल परिमार्जन गरि कार्यान्वयनमा जोड दिइनेछ । भिमसेनथापा गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न विनियम तथा कार्यविधि तर्जुमा गर्दै एकिकृत प्रकाशन गरिनेछ।
- गाउँपालिका भित्र कार्यरत गैरसरकारी सस्थाहरुलाई गैरसरकारी सस्था सञ्चालन कार्यविधि बनाई सेवा प्रवाहलाई प्रभावकारी ढङ्गबाट सम्पादन गरिनेछ । गा.पा.मा NGO डेक्स स्थापना गरिनेछ । भिमसेनथापा गाउँपालिका स्थित सरकारी एव गैर सरकारी सस्थाका कार्यालयहरुको अनुगमन एवं निरीक्षण प्रक्रियालाई प्रभावकारी वनाईनेछ।

- दिगो विकास लक्ष्य र राष्ट्रिय नीति तथा रणनितिले प्राप्त गर्न खोजेका संस्थागत विकास लक्ष्य हासिल हुने खालका कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ ।
- बजार अनुगमनलाई नियमित व्यवस्थीत गर्दै व्यवसाय दर्ता र नविकरण कार्यलाई प्रभावकारी बनाउन जनसचेतना, अभिमुखीकरण, टोलस्तरमै घुम्ती शिविर लगायतका कार्यक्रम गरिनेछ।
- भिमसेनथापा गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरुमा सूचना अधिकारीको व्यवस्था गरीनेछ।
- समुदामा रहेका सरोकारवाला निकायहरु सँग समन्वयात्मक तथा अन्तर-क्रियात्मक कार्यक्रमलाइ प्राथमिकता दिइनेछ ।
- विद्यालय तथा टोलमा साइबर अपराध र डिजिटल सुरक्षा साथै मनोसामाजिक परामर्श सम्बन्धी सचेतना अभियान गरिनेछ ।

<u>न्यायिक नीतिः</u>

- भिमसेन थापा गाउँपालिकाबासी नागरिकलाई सरल र सहज न्यायको पहुँच विकासका लागि आवश्यक पहल गरिनेछ।
- न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेको न्याय निरुपणका कामलाई थप प्रभावकारी बनाउदै लगिनेछ।
- गाउँपालिकामा न्यायिक समिति र प्रत्येक वडामा मेलमिलाप केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिइने छ ।
- न्यायिक समितिमा परेका उजुरीहरुको न्याय सम्पादन गर्न अनुगमनका साथै सहज र सरल पद्धति अपनाइनेछ ।
- न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- **कानून जान्नै पर्ने कानूनी प्रावधान रहेकोले महिला, दलित, अपाङ्ग तथा मूल प्रवाहिकरणमा पछाडी परेका लक्षित समूहहरुलाई कानूनी साक्षरता कार्यक्रमलाई टोल टोलस्तरमा थप प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।**
- असहाय, जेष्ठ नागरिक, अनाथ बालबालिका, अति विपन्न नागरिकहरुलाई निःशुल्क न्यायिक सेवा प्रदान गरिनेछ । कानुनी क्षेत्राधिकार भित्र रहेर न्याय सम्पादनमा मेलमिलाप पद्धतीलाई विशेष जोड दिइनेछ ।
- न्यायिक समितिमा पेश भएका विवादहरु विज्ञको राय सल्लाह, सुझाव अनुसार मेलमिलाप तथा फैसला गर्दै लगिनेछ ।

- **लैङ्गिक हिंसाका घटनामा शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ** । सवै प्रकारका हिंसाको न्युनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकामा इजलासको व्यवस्थालाई थप व्यवस्थित गरिनेछ। जिल्ला न्यायिक भेला सञ्चालन गरिनेछ।
- गाउँपालिकामा न्यायिक समिति र प्रत्येक वडामा मेलमिलाप केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिइने छ । न्यायिक समितिमा परेका उजुरीहरुको न्याय सम्पादन गर्न अनुगमनका साथै सहज र सरल पद्धति अपनाइनेछ। न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- बिपन्न हिंसा लक्षीत कार्यक्रम संचालनमा ल्याइनेछ । गाउपालिका भित्र रहेका एकल महिलाहरुको सञ्जाल गठन गरी आवश्यक क्षमता विकासका कार्यक्रम संचालन गरीनेछ ।

<u>नगर प्रहरी सम्बन्धी नीतिः</u>

- भिमसेनथापा गाउँपालिकामा स्थानीय सुरक्षा, सामाजिक शान्ति र सेवा प्रवाहमा सहजीकरणका लागि नगरप्रहरीको परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।
- नगर प्रहरीलाई गाउँपालिकाको आपतकालीन व्यवस्थापन, विपद् सहायता र सन्देश प्रवाहका लागि परिचालनमा जोड दिइनेछ ।
- नगर प्रहरीको क्षमता विकासका लागि सुरक्षा, मानव अधिकार, स्थानीय प्रशासन, आपतकालीन सेवा, रेडक्रस प्राथमिक उपचार, आपतकालीन उद्धार, साइबर अपराध, महिला तथा बालबालिका संरक्षण आदिमा विशेष तालिम दिइनेछ ।

<u>सूचना तथा सञ्चार नीतिः</u>

- गाउँपालिका भित्र गुणस्तरीय इन्टरनेट सेवाका लागि आवश्यक पहल गरिनेछ। पालिकालाई स्मार्ट पालिकाको रुपमा विकास गर्ने अबधारणालाई तिव्रताका साथ अघि बढाइनेछ । पालिकाको आफ्नै डाटा सेन्टर स्थापनाको लागि कार्य अगाडी बढाइनेछ । Open Data प्रणालीको अवलम्वन पूर्ण रुपमा गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्नसक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ । सवै टोल विकास संस्था, वडा, शाखा, स्कूल, संघसंस्थामा सूचना अधिकारीको अनिवार्य व्यवस्था गरिनेछ ।
- पालिकावासी नागरिकलाई गाउँपालिकाले गरेका सकारात्मक कार्यको बारेमा जानकारी दिन सबै विषयगत समिति, शाखा र वडाहरुको नवीनतम् पहल र उपलब्धीहरु, सीमा समस्या र

आवश्यकता समेत झल्को र अभिलेखिकरण गर्ने गरी भिमसेनथापाको सेरोफेरो वृतचित्र उत्पादन गरी प्रसारण गरिनेछ ।

- गाउँपालिकाको गतिविधिहरु, नविनतम् प्रयास र सिकाईहरु स्थानीय पत्रपत्रिका, रेडियो, केवल टेलिभिजनहरु, अनलाईनहरु माफर्त पूर्व सहमति लिई आवश्यकता अनुसार फलोसिपको विधिबाट प्रकाशन र प्रसारण गरिनेछ । सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्दन र विकास गर्न आवश्यक योजना बनाएर लागू गरिनेछ ।
- पालिकाका मुख्य बजार एरिया, धार्मिक, पर्यटकीय क्षेत्र, पार्क तथा बजार क्षेत्रमा इन्टरनेट सेवा विस्तार एवं Free Wifi Zone बनाउनका लागि आवश्यक नीति लिइनेछ । प्रत्येक विद्यालयमा इन्टरनेटको पहुंचमा सुनिश्चितता प्रदान गरिनेछ । मोवाईल एपमार्फत घरघरबाट नै सेवा लिन सक्ने गरि कार्य अगाडी बढाइनेछ ।
- पालिका प्रवेश गर्ने मुख्य नाकाहरु र वजारक्षेत्रहरुमा CCTV जडान गरिनेछ । Cyber Crime न्युनिकरण तथा रोकथामका लागि विभिन्न संघसंस्थाहरुसँगको साझेदारीमा विद्यालय तथा टोल र वडाहरुमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- सेवाग्राही नागरिकको कार्य छिटो छरितो गर्नका लागि मोवाइल एप्सको प्रयोग गरिनेछ । गुनासो ब्यवस्थापनलाई प्रभावकारी बनाउँदै कार्यप्रति जवाफदेहि बनाइनेछ । भुक्तानी प्रणालीलाई थप पारदर्शी र सहज बनाउन अनलाइन, डिजिटल भुक्तानी प्रविधिलाई थप व्यवस्थित गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु !**

आर्थिक बर्ष २०८२-०८३ को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट भिमसेन थापा गाउँपालिकालाई **ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका** निर्माणमा साँच्चै टेवा पुग्नेछ । यस नीति तथा कार्यक्रमले गाउँपालिका नागरिकहरुको सामाजिक आर्थिक क्षेत्रमा मात्र गतिशिलता प्राप्त नभई पारस्पारिक सम्मान र अवसरसहित थुप्रै सामाजिक अवसर सृजना गर्ने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनका लागि हामी सवैले नेतृत्वदायी भूमिका खेल्नुपर्छ भन्ने कुरामा कुनै दुईमत छैन।स्पस्ट योजना, दृढ विश्वासका साथ कार्यान्वयन र प्रभावकारी नियमन-अनुगमनले मात्र भिमसेन थापा गाउँपालिकालाई **समाजवाद उन्मुख नमुना** गाउँपालिका निर्माणको बाटोमा अगाडी बढाउन सकिन्छ। गाउँपालिकालाई हामीले अवलम्बन गरेको नारामा हिडाउनका लागि म र मेरो मात्र एकल प्रयासबाट सम्भव पक्कै छैन । यसका लागि भिमसेन थापा गाउँपालिकाका जनताले हामी सवैलाई नमूना गाउँपालिका निर्माणको जिम्मेवारी सुम्पेका छन् ।त्यसलाई पुरा गर्न हामी जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी मिलेर निःस्वार्थ भावले लाग्नु अनिवार्य छ । **सक्षम र सफल भिमसेनथापाका**

**पूर्खा र सन्ततिबाट एउटा साथ, सपोर्ट र केही न केही निर्माण गर्न टोल विकास संस्थाकै अगुवाइमा पहल गरौ र वहाँहरुलाई सम्मान गर्ने एउटा विशेष अभियान शुरु गरौ।**

महान जनयुद्ध, शान्तिपूर्ण जन-आन्दोलन सहित परिवर्तनका लागि भएका सवै खालका सर्घषबाट प्राप्त राजनीतिक परिवर्तनलाई आत्मासाथ गरेर मात्र नेपालको संविधानले निदृष्ट गरेको समाजवादको बाटो कोर्न हामी सफल हुनेछौं । तपाई हामीलाई समाजवादको बाटोमा अघि बढ्न एउटा सुनौलो अवसर प्राप्त भएको छ । यही परिवर्तनको जगमा टेकेर समाजवाद निर्माणको बाटोमा अगाडि बढ्नु अपरिहार्य छ । यसका लागि यहाँहरु **सवैको साथ, सहयोग र सक्रियताको अपेक्षा गर्दछु ।**

भिमसेन थापा गाउँपालिकामा गरिबीको अन्त्य गरेर, **सुशासन, समृद्धि, सामाजिक न्याय स्थापना गर्दै समतामूलक समाज निर्माण** गर्न गाउँपालिकाबासी जनताले हामी जनप्रतिनिधिलाई दिएको ऐतिहासिक जिम्मेवारी हरहालतमा पुरा गर्नैपर्छ। हामीले निर्वाचनमा गरेका हाम्रा प्रतिवद्धताको परीक्षा पुरा हुन दुई बर्षमात्र बाँकी छ। गाउँपालिकाबासी **नागरिकमा सुशासन, परिवर्तन, विकास र सम्मृद्धिको चाहाना पुरा गर्न सक्दामात्र हाम्रो राजनीतिक औचित्य पुष्टि हुनेछ।** एउटा कठिन बर्ग सर्घषलाई परास्त गरेर यो जिम्मेवारीमा आएका हामी अव भीमसेन थापा गाउँपालिकाको **सामाजिक, सांस्कृतिक रुपान्तरण, सामाजिक न्यायसहितको आर्थिक सम्बृद्धिका लागि** सवैमा दृढ इच्छाशक्ति आवश्यक छ । तपाई हामी सवैलाई वास्तविक नेतृत्वका रुपमा स्थापित गर्ने यो एउटा ऐतिहासिक अवसर पनि हो । यसलाई सवै जनप्रतिनिधि हातेमालो गरेर अघि बढ्न सक्यौं भने हाम्रो नारा अनुसारको लक्ष्य भेटाउने छौं। जनताको सहभागिता, पारदर्शिता, सेवा र परिणामलाई केन्द्रमा राख्दै ल्याइएको यो नीति तथा कार्यक्रमले समावेशी, न्यायोचित र दिगो विकासका आधारमा भिमसेनथापा गाउँपालिकालाई साच्चै **"ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका"** बनाउने स्पष्ट मार्गचित्र कोरेको छ । तसर्थ यो सोह्रौ अधिवेशन मार्फत तय गरिएका नीति, योजना र कार्यक्रम अनुरुप बजेट निर्माण गरि कार्यान्वयनमा जुट्न यहाँहरुको रचनात्मक सहयोग र सक्रिय साथको पुनः अपेक्षा गर्दछु।

अन्तमा, भिमसेनथापा गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुर्‍याउनु हुने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजिक्षेत्र, सहकारी र सामुदायिक क्षेत्र, श्रमीक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी, दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

**धन्यवाद ! नमस्कार !! अभिवादन !!!**